# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २६५ | काठमाडौं | शनिबार, १० माघ २०८२ | Prabhab National Daily | Saturday, 24 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि माग गरिएको निर्वाचन प्रहरीको सुनसरीको इनरुवा नगरपालिका-१ स्थित जेल मैदानमा सञ्चालित लिखित परीक्षामा सहभागीहरू।
*तस्बिरः नवीन गड्तौला/रासस*

# चुनावी प्रचारमा उम्मेदवारका अनेक चटक

- सामाजिक सञ्जालमा ऋषी धमलाको चटक भन्दै ट्रोल र मिमको बाढी
- रास्वपाको केन्द्रीय कार्यालय घण्टीघरमा घण्टी बजाएको शैलीबाटै चर्चा कमाएका बालेन यतिबेला ल्याण्डरोभरको डिफेण्डर गाडीका कारण चर्चामा
- नुवाकोट-२ का रास्वपा उम्मेदवार डा. अच्युतम लामिछानेको घरदैलो पुग्नासाथ मतदातासामु सर्लक्कै निहुरिएर खुट्टा ढोगेको शैली पनि अहिले चर्चामा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पत्रकार ऋषि धमला हिजोआज रौटहट-४ का गाउँगाउँ पुगेर मतदातासँग आँगालो हालेर रुनेदेखि आशीर्वाद लिन व्यस्त देखिन्छन्। मतदाताकहाँ धुरुधुरु रोएका उनका भिडियो रिल्सदेखि टिकटकमा छाउन थालेको छ। उनको प्रचारलाई कतिपयले 'मिम' बनाउन थालेका छन् भने कतिले आफ्नो सामाजिक सञ्जाल पेजको 'इन्गेज' बढाउने कन्टेन्ट बनाएका छन्।

धमला रौटहट-४ मा आम आदमी पार्टीबाट उम्मेदवार छन्। मोबाइल चिह्नबाट चुनावी मैदानमा होमिएका उनी कहिले उखु किसानलाई सघाइरहेका देखिन्छन् भने कहिले साइकल चलाइरहेको। कहिले रौतहटमै घरजम गरेर बस्ने भन्छन् त कहिले गाउँघरकै भोजमा रमाइरहेका। 'रौतहट ठूलो समस्यामा छ। पीडामा छ। जनता धेरै पीडित छन्,' धमलाले मतदातासँग भनेका छन्, 'मैले एउटा संकल्प गरेको छु। मैले सबै कुरा छोडेर अब रौतहट आएर बस्ने निधो गरेको छु। यहीँ घर बनाउँछु। यतै घरजम गरेर जनतासँग बस्छु।'

मोबाइलका एप स्क्रोल गर्नासाथ धमलाको चटक भन्दै ट्रोल र मिमहरू एकपछि अर्को आउन सुरू गरेको छ। एआई प्रयोग गरी सुन्तला र अमला, भोट हालौं धमला बोलका गीतहरू बनेका छन्। यसरी ट्रोलका सिकार बनेपछि धमलाले आफूले साइकल चढेर गल्ती नगरेको दाबी गरेका छन्। 'साइकल नचढ्ने कोही छ र ? मैले साइकल चढेर गल्ती गरेँ र ? उखु बोकेर मैले गल्ती गरेँ र ?,' धमलाले सञ्चारकर्मीसँग उल्टै प्रश्न गरेका छन्।

धमलामात्र हैनन् यो पटक सामाजिक सञ्जालमा सबैभन्दा बढी छाएका अर्का पात्र हुन् झापा-५ बाट एमाले अध्यक्ष केपी ओलीका प्रत्यासी बनेका बालेन्द्र (बालेन) साह। रास्वपाको केन्द्रीय कार्यालय घण्टीघरमा घण्टी बजाएको शैलीबाटै चर्चा कमाएका बालेन यतिबेला ल्याण्डरोभरको डिफेण्डर गाडीका कारण चर्चामा छन्। मतदातासँग दोहोरो कुराकानी नगर्ने बालेन छिनमै जानकी मन्दिर पुग्छन् त छिनमै पाँचथरको पाथीभारा।


क्रमशः पृष्ठ २ मा


# कांग्रेसले सभापति थापालाई बनायो प्रधानमन्त्रीको उम्मेदवार

- कांग्रेस उपसभापति विश्वप्रकाश शर्माको प्रस्ताव र उपसभापति पुष्पा भुसालको समर्थनमा केन्द्रीय समितिमा सभापति गगन थापालाई प्रधानमन्त्रीका उम्मेदवार बनाउने निर्णय
- आफूहरु ठोस योजनाका साथमा आएको सभापति थापाको भनाइ
- बदलिएको कांग्रेसले अब देश बदल्ने संकल्पका साथ निर्वाचनमा होमिएको घोषणा
- उपसभापति शर्मालाई बनाइयो चुनावी कमाण्डर



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसले सभापति गगन थापालाई भावी प्रधानमन्त्रीको उम्मेदवार बनाएर चुनावमा होमिने निर्णय गरेको छ। शुक्रबार कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकले थापालाई सर्वसम्मतरूपमा पार्टीकोतर्फबाट प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको हो।

सभापतिमा निर्वाचित भएको नवौं दिनमा पार्टी कार्यालयमा पदभार ग्रहण गर्न पुगेकै दिन थापालाई कांग्रेसले प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सारेको हो। बैठकमा कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले राखेको उक्त प्रस्ताव र उपसभापति पुष्पा भुसालको समर्थनलाई कार्यसमितिको बैठकले सर्वसम्मत पारित गरेको प्रवक्ता देवराज चालिसेले बताए।

फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा सभापति थापा सर्लाही-४ बाट उम्मेदवार बनेका छन्। मधेस प्रदेशलाई लक्षित गरी चुनावी प्रचारसमेत सुरू गरेका थापाको पक्षमा शुक्रबार दिउँसो 'अबकी बार, गगन सरकार' नारासमेत लागेको थियो। सभापति थापा पुग्दा सयौंको संख्यामा कार्यकर्तासमेत सानेपा कार्यालय पुगेका थिए। उनले आफ्नो निर्वाचन क्षेत्रमा यो नारासहितको ब्यानरसमेत चुनावी प्रचारमा प्रयोगमा ल्याइसकेका छन्।

कांग्रेसले २०१५ सालमा बिपी कोइरालालाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि बढाएको उल्लेख गर्दै कांग्रेस सभापति थापाले यसपटक नागरिकको हुटहुटीलाई सम्बोधन गर्न आफू मैदानमा आएको बताए। 'हामी ठोस योजनाका साथमा आएका छौं। बदलिएको कांग्रेस, हामी आफैंले बदलेको हौं। यो बदलिएको कांग्रेसले देश पनि बदल्छ,' सभापति थापाले भने, 'यही संकल्पका साथ हामी निर्वाचनमा होमिएका हौं।'

विशेष महाधिवेशनबाट सभापति बनेका थापा शुक्रबार पार्टी केन्द्रीय कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन्। यसअघि देउवापक्षको कब्जामा रहेकोले दुईवटा केन्द्रीय कार्यसमिति बैठक कार्यालयबाहिरै गरिएको थियो। शुक्रबार तेस्रो केन्द्रीय समिति बैठक भने सानेपामा बसेको हो।

बैठकपछि सञ्चारकर्मीलाई सम्बोधन गर्दै सभापति थापाले सबैजनालाई चुनावी प्रचारमा खट्न निर्देशन दिए। आफ्नो क्षेत्रमा चुनावी प्रचार गर्न त्यही क्षेत्रका नेताकार्यकर्ता पर्याप्त हुने भन्दै उनले भने, 'फागुन २१ गतेसम्म एकढिक्का भएर निर्वाचनमा लाग्न साथीहरूलाई आग्रह गर्छु। मेरो क्षेत्रमा जान धेरै नेता कार्याकर्ताले फोन गर्नुभएको छ। तपाईंहरू आफ्नै क्षेत्रमा खट्नुहोला।'


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

## जापान रोजगारीका नाममा हुने ठगीबाट विभागको आग्रह

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** व्यक्तिगत श्रम स्वीकृति लिएर जापान जानेहरू ठगीमा परेकाले इजाजत नभएका संस्थामार्फत नजान वैदेशिक रोजगार विभागले आग्रह गरेको छ। शुक्रबार विभागले सूचना जारी गर्दै कसैले जापान पठाइदिन्छु भनेर चर्को शुल्क लिए प्रमाणसहित सम्बन्धित निकायमा उजुरी गर्नसमेत आग्रह गरेको छ।

जापानस्थित नेपाली दूतावासबाट जापानका लागि लिइने व्यक्तिगत श्रम स्वीकृतिलाई व्यवस्थित बनाउनका लागि पत्र पठाएकाले उक्त सूचना जारी गरिएको विभागले जनाएको छ। जापानमा व्याचलर, कुक तथा सीपयुक्त कामदारलगायतका भिसामा व्यक्तिगत श्रम स्वीकृति लिएन पुग्नेहरू अत्यधिक मात्रामा ठगीमा पर्ने, चर्को शुल्क तिर्ने, भनेअनुसार काम तलब नपाउने गरेको पाइएको छ।

अनुमति नभएका विभिन्न कन्सल्टेन्सी, संस्था तथा व्यक्तिले जापानमा काम लगाइदिने आश्वासन दिई विभिन्न प्रकारका भिसा तथा रोजगारीसम्बन्धी कागजात बनाई व्यक्तिगत श्रम स्वीकृतिको आवेदन गरिदिने र बढी शुल्क असुली गरेको गुनासोसमेत विभागमा आएको जनाइएको छ। इजाजत नभएका कसैले पनि यस्तो कार्य नगर्न विभागले आग्रह गरेको छ।

विभागले रोजगारीमा जापान जानेहरूलाई प्राप्त भएको भिसाको प्रकार, सिओई, करार सम्झौता, रोजगारदाता कम्पनीलगायतका विषयमा आधिकारिक जानकारी राखेरमात्र श्रम स्वीकृति लिन अनुरोध गरेको छ। साथै, पछिल्लो समयमा 'ट्रान्सपोर्ट ड्राइभर क्याण्डिडेट' भिसामा व्यक्तिगत श्रम स्वीकृति नदिइनेसमेत जनाइएको छ। उक्त भिसा पाएकाहरूले जापानमा ड्राइभिड लाइसेन्सको परीक्षा दिएपछि आफैंले काम खोज्नुपर्ने भएकाले रोजगारीको सुनिश्चितता नदेखिएको कारण श्रम स्वीकृति नदिइने विभागले प्रस्ट पारेको छ।

## इपिएसपीडितको आन्दोलन स्थगित

**काठमाडौं (प्रस)–** भाषा परीक्षा उत्तीर्ण भएर पनि दक्षिण कोरिया जान नपाएकाहरूको आन्दोलन स्थगित भएको छ। शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग भएको दोस्रो दिनको वार्तापछि उनीहरू आन्दोलन स्थगित गर्न सहमत भएका हुन्।

रोजगार अनुमति प्रणाली (इपिएस) प्रणालीमार्फत कोरिया जान नपाएका पक्षको समस्यामाथि उच्चस्तरीय टोली बनाएर अनुसन्धान गर्ने, आगामी साता एचआरडीसँग छलफल गर्नेलगायतका विषयमा सहमति भएपछि आन्दोलन स्थगित गर्ने निर्णय भएको पीडितपक्षले जनाएको छ। आन्दोलनको नेतृत्वकर्ताले मुलुकका विभिन्न स्थानबाट आएका प्रदर्शनकारीलाई समस्या पर्न थालेकाले घर फर्कनसमेत अनुरोध गरेका छन्।

पीडित युवाहरूले भैंसेपाटीस्थित एचआरडी कार्यालयमा माघ ६ गतेदेखि आन्दोलन जारी राखेका थिए। साथै, शान्तिपूर्णरूपमा धर्ना दिने भनिए पनि शुक्रबारको आन्दोलन केही अशान्त बनेको थियो। आन्दोलनकारीले ढुंगामुढा गर्दा परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले लाठी प्रहार गर्नुपरेको थियो।

झण्डै १२ हजार युवाको रोस्टर अवधि सकिन लागेको भन्दै उनीहरू आन्दोलित छन्। सन् २०२५ मा कोरिया जानका लागि सन् २०२२/२३ मा भएको भाषा परीक्षामा सहभागी एक लाख ६३ हजार जनाबाट १७ हजार ३० जना उत्तीर्ण भएका थिए। परीक्षा उत्तीर्ण हुनेको तुलनामा जानेहरू निकै कम हुँदा पीडितपक्षले रोस्टर अवधि थप गर्नुपर्ने, कम्पनीमा फाइल पठाउने सिस्टमलाई पारदर्शी बनाउनुपर्ने, भाषा परिक्षा उत्तीर्ण भएका ८० प्रतिशतको रोजगार सुनिश्चित हुनुपर्नेलगायतका माग राख्दै आएका छन्।

## शत्रुधनको पाँच महिनापछि परिवारसँग पुनर्मिलन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पाँच महिनाभन्दा बढी समयसम्म परिवारसँग सम्पर्कविहीन रहेका शत्रुधन महतो नुनियाको अन्ततः परिवारसँग पुनर्मिलन भएको छ। रोजगारीका लागि मलेसियामा पुगेका नुनिया पाँच महिनाभन्दा बढी समयदेखि परिवारको सम्पर्कमा थिएनन्। उनी हालै सुरक्षितरूपमा नेपाल फर्किएको र उनको परिवारसँग पुनर्मिलन भएको मलेसियास्थित नेपाली राजदूतावासले जानकारी दिएको छ।

'अक्टोबर २०२५ मा मलेसियाको एक डिटेन्सन सेन्टरले रोहन मथुर कोइरीको स्वदेश फिर्तीका लागि प्रक्रिया अगाडि बढाएको थियो। तर उक्त नामका व्यक्ति सरकारी अभिलेखमा पुष्टि हुन नसकेको तथा नेपालमासमेत पहिचान हुन नसकेको कारण निजको स्वदेश फिर्ती सम्भव भएको थिएन,' दूतावासले भनेको छ, 'पहिचान नखुल्दा उहाँ पाँच महिनाभन्दा बढी समय डिटेन्सन सेन्टरमै बस्न बाध्य हुनुभएको थियो।'

यसैबीच, नोभेम्बर २०२५ देखि डिटेन्सन सेन्टरले उनको स्वास्थ्य अवस्था क्रमशः बिग्रँदै गएको जानकारी नेपाली दूतावासलाई गराउँदै आएको थियो। क्वालालम्पुरस्थित नेपाली राजदूतावासले पछिल्ला चार महिनादेखि नेपालमा उनको परिवार पत्ता लगाउने निरन्तर प्रयास गरेको दूतावासले उल्लेख गरेको छ।





*तस्बिर सौजन्यः नेपाली दूतावास, मलेसिया*

'यस खोज प्रक्रियामा पिएनसिसी तथा हेल्प मधेसी मलेसियालगायतका सामाजिक संस्थाहरूले दूतावासलाई महत्त्वपूर्ण सहयोग पुऱ्याए। चार महिनाको खोजीपछि हेल्प मधेसी मलेसियाले निजको उपलब्ध फोटोको आधारमा नेपालमा भएको उनको परिवार पहिचान गर्न सफल भयो,' दूतावासले भनेको छ। नुनियाको खोजी तथा स्वदेश फिर्ती प्रक्रियामा सहयोग पुऱ्याउने सबै पक्षप्रति दूतावासले आभार व्यक्त गरेको छ।

'विशेषगरी पिएनसिसी र हेल्प मधेसी मलेसियाका सुरेन्द्र महतोलगायत खोजी प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका सबै प्रतिनिधिहरूप्रति दूतावास विशेष धन्यवाद ज्ञापन गर्दछ,' दूतावासले भनेको छ। स्वदेश फर्किएपछि नुनियाले आफ्नै गाउँमा कृषि क्षेत्रमा संलग्न हुने इच्छा व्यक्त गरेको दूतावासले जनाएको छ।

## पृष्ठ १ बाट क्रमशः

## चुनावी प्रचारमा...

युवाहरूमाझ लोकप्रिय बन्दै गएका उनी अहिले चियागफदेखि सोसल वालमा इन्गेज बढाउने मुख्य उम्मेदवार बनेका छन् । गोरखा-१ बाट उम्मेदवार बन्न रास्वपाबाट टिकट पाएका जेन-जी अगुवा सुधन गुरुङ पनि ठूलो बोरा बोकेर हिँडेको भिडियो सामाजिक सञ्जालमा भाइरल छ । उम्मेदवार मनोनयन दर्ता गर्नुअघिकै सुदनको त्यो भिडियो बिहीबार सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ । उक्त भिडियोमा उनले एउटा ठूलो भारी बोकेको देखिन्छ । 'ओहो ! दाइले ६० किलो बोक्नुभयो ? गाह्रौं हुने रहेछ दाइ ?,' भिडियोमा एक जनाले सोध्छन् । 'डेञ्जर गह्रौं हुँदो रहेछ । तर भूकम्पमा राहत वितरण गर्दा बोकेर हिँड्नुपर्थ्यो । त्यही भएरमात्र मैले बोक्न सकेको हुँ,' सुधनको जवाफ सुनिन्छ ।

अघिल्लोपटक खेतखेतमा पुगेर खेत जोतिदिने, धान काटिदिने उम्मेदवारहरू भाइरल बनेका थिए । यसरी भाइरल बनेका उम्मेदवाहरू कोही जिते पनि । यसपटक यसरी भाइरल बन्ने दाउमा धेरैजसो रास्वपाका उम्मेदवार अघि देखिएका छन् । नुवाकोट-२ का रास्वपा उम्मेदवार डा. अच्युतम लामिछानेको मत माग्ने शैली पनि सामाजिक सञ्जालमा चर्चामा छाएको छ । घरदैलो उनी जब मतदातासामु पुग्छन्, सर्लक्कै निहुरिन्छन् र मतदाताको खुट्टा ढोग्छन् । 'अब आयो है बुबाआमा । छोरो आयो, नाति आयो । अब नझुक्किनुहोला,' मतदाताको खुट्टा छोएर निहुरिएका उनी हात जोड्दै भन्छन् ।

नेपाली कांग्रेसका सभापति गगन थापाका प्रतिस्पर्धी अमरेश सिंह पनि प्रचारमा आक्रामक देखिएका छन् । यतिसम्म कि, गगन आफूसँग प्रतिस्पर्धा गर्न सर्लाही-४ मा आएको भन्दै आत्तिएका देखिन्छन् । 'यसपालि सांसद जितेँ भने बालेनको टिमको सबैभन्दा ठूलो मन्त्री हुन्छु । त्यसैले मलाई जिताउनू,' अमरेशले भनेका छन् ।

यसैगरी अपर्झट मन्त्रीबाट राजीनामा दिएर म्याग्दीमा उम्मेदवार बन्न पुगेका महवीर पुन पनि कम छैनन् । सरकारमा हुँदासमेत भाइरल बनेका पुनको मत माग्ने शैलीबाट सामाजिक सञ्जालमा बहस तातिएको छ । निर्वाचनको प्रचारमा उनले आफ्नो आत्मकथा (किताब) पनि बेचिरहेका छन् । 'म भोट माग्न आउँदा किताब पनि किन्न पाइने छ,' पुन भन्छन् । यो पटक नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल रुकुम पूर्व पुगेर स्थानीयसँग मयुर नाच नाच्दै गरेको देखिएका छन् । यद्यपि, उनको चर्चा अरु उम्मेदवारको तुलनामा छायामा परेको देखिएको छ ।

■■■

## कांग्रेसले सभापति....

विशेष महाधिवेशनका विषयमा मतमतान्तर रहेको उल्लेख गर्दै थापाले यसको विषयमा निर्वाचनपछि गम्भीर छलफल हुने बताए । यसपटक सबैको प्रयासमा रुखमामात्र मतदान गर्न पाउनेगरी बदलेर आएकोसमेत बताए । 'यो हिजोको कांग्रेसभन्दा फरक हो । हिजो रुखमा मत हाल्ने अवस्था गठबन्धनका कारण भएन,' थापाले भने, 'यसपटक १६५ क्षेत्रमै रुख चिह्नमामात्र मतदान गर्न पाउनेगरी हामीले बदलेका छौं ।'

कांग्रेसले उपसभापति शर्मालाई चुनावी कमाण्डर बनाउने निर्णयसमेत गरेको छ । 'निर्वाचन परिचालन समितिको संयोजक शर्मा हुनुहुन्छ । सिँगो निर्वाचनको कमान उहाँले सम्हाल्नुहुन्छ,' सभापति थापाले भने । यसैगरी कांग्रेसले चुनावी प्रचार समितिसमेत गठन गरेको छ । '२०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पार्टीका प्रवक्ता देवराज चालिसेको संयोजकत्वमा केन्द्रीय प्रचारप्रसार समिति गठन गर्ने,' कांग्रेसको निर्णयमा भनिएको छ ।

त्यसैगरी कांग्रेसले कांग्रेस केन्द्रीय कार्यालय भवन पुनर्निर्माणका लागि पार्टीका निवर्तमान कोषाध्यक्ष उमेश श्रेष्ठको संयोजकत्वमा केन्द्रीय कार्यालय भवन पुनर्निर्माण समिति गठन गरेको छ । भदौ २३ र २४ गतेको जेन-जी विद्रोहको क्रममा कांग्रेसको केन्द्रीय कार्यालयमा आगजनी तथा तोडफोड भएको थियो । त्यसैगरी कांग्रेसले माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा पार्टीका तर्फबाट आवश्यक समन्वय गर्न उपसभापति भुसाललाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ । कांग्रेसले केन्द्रीय कार्यसम्पादन समिति गठन गर्ने निर्णयसमेत यही बैठकले गरेको प्रवक्ता चालिसेले बताए । कांग्रेसले केही दिनमै आफ्नो घोषणापत्रसमेत सार्वजनिक गर्ने चालिसेले बताए ।

# सशस्त्र प्रहरीको भूमिका स्मरणीयः *प्रधानमन्त्री*




**काठमाडौं (प्रस)**– प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा एवं सीमा सुरक्षा, विपद् व्यवस्थापन तथा नागरिक सुरक्षामा सशस्त्र प्रहरी बलले निर्वाह गर्दै आइरहेको भूमिका प्रशंसनीय रहेको बताएकी छन् । सशस्त्र प्रहरी मुख्यालय हलचोकमा शुक्रबार आयोजित २५औं सशस्त्र प्रहरी दिवस तथा रजत महोत्सव समारोहलाई सम्बोधन गर्दै उनले चुनौतीपूर्ण परिस्थितिमा पनि अनुशासन, निष्ठा, पेसागत कौशल र उच्च व्यावसायिकताका साथ राष्ट्रसेवामा निरन्तर खटिनु सशस्त्र प्रहरीको परिचय बनेको बताइन् ।

'देशमा चलेको सशस्त्र द्वन्द्वदेखि पछिल्ला दशकमा पूर्वी पहाड, तराई तथा अन्य संवेदनशील क्षेत्रमा देखिएका सुरक्षा चुनौतीहरूको सामना गर्न सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिका स्मरणीय छ,' प्रधानमन्त्री कार्कीले भनिन् । सीमामा खटिएर राष्ट्रिय भूगोलको रक्षा गर्नुका साथै राजस्व संकलनमार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउन सशस्त्र प्रहरीले पुऱ्याउँदै आएको योगदान उल्लेखनीय रहेको उनको भनाइ छ ।

'कठिन भौगोलिक अवस्था, जोखिमपूर्ण कार्यक्षेत्र र प्रतिकूल परिस्थितिमा पनि निष्ठाका साथ राष्ट्रसेवामा समर्पित रहनु यस बलको विशेष पहिचान हो,' प्रधानमन्त्री कार्कीले भनिन्, 'सशस्त्र प्रहरीले प्रदर्शन गरेको साहस, सौर्य र पेसागत निष्ठाले नै संगठनलाई जनताको भरोसायोग्य सुरक्षा निकायका रूपमा स्थापित गरेको छ ।'

विगतका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सशस्त्र प्रहरीले खेलेको भूमिकाको प्रशंसा गर्दै प्रधानमन्त्री कार्कीले सम्भावित सुरक्षा चुनौतीको सूक्ष्म अध्ययन गरी उच्च सतर्कता र व्यावसायिकताका साथ आसन्न निर्वाचनलाई सफल बनाउन निर्देशन दिइन् ।

वर्तमान संक्रमणकाल अन्त्य गरी मुलुकमा दिगो स्थायित्व कायम गर्न नेपाल सरकारले सम्पूर्ण शक्ति लगाएको उल्लेख गर्दै उनले सम्पूर्ण सुरक्षा निकायबीच आवश्यक समन्वय र सहकार्य गरी निर्वाचन सफल पार्नुपर्ने बताइन् । प्रधानमन्त्री कार्कीले बदलिँदो सुरक्षा चुनौती, प्रविधिको विकास र नागरिकको अपेक्षालाई ध्यानमा राख्दै सशस्त्र प्रहरीलाई अझ सक्षम, पारदर्शी, मानव अधिकारमैत्री र जनमुखी सुरक्षा निकायका रूपमा विकास गर्नुपर्नेमा जोड दिइन् ।


## ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड

greenlife Hydropower Ltd.
रजिष्टर्ड कार्यालयः का.म.न.पा.२८, कमलपोखरी, काठमाण्डौं
सम्पर्क नं. ०१-४५११३७३
Email: nepalgreenlife@gmail.com
Website: greenlifehydropower.com.np

### सोह्रौं वार्षिक साधारण सभा पुनः बोलाइएको सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२ पौष ८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार मिति २०८२/१०/०२ मा तय भएको कम्पनीको १६ औं वार्षिक साधारण सभा कम्पनी ऐन २०६३ बमोजिम गणपुरक संख्या नपुगि स्थगित भएकोले मिति २०८२/१०/०९ को संचालक समितिको बैठकले यस अघि मिति २०८२/०९/०८ को संचालक समितिले निर्णय गरेको प्रस्तावहरुमा कुनै परिवर्तन नगर्ने गरी सो स्थगित भएको १६ औं साधारण सभा पुनः निम्न मिति, समय र स्थानमा गर्ने भनि निर्णय गरेकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान तथा समय :**
**मितिः** २०८२/१०/१९ गते सोमबार (तदअनुसार फ्रेबवरी ०२, २०२६)
**स्थानः** लिसारा रिसेप्सन्स प्रा.लि. (Lisara Receptions Pvt. Ltd.), भगवतीबहाल, नक्साल, काठमाण्डौं ।
**समयः** बिहान ११:०० बजेदेखी

**छलफलका प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु**
१. कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आ.व ०८१/०८२ को सोह्रौं वार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।
२. आ.व ०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्बन्धित अनुसुचीमा छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३. आर्थिक बर्ष ०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती एवं निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समिति चयन गर्ने सम्बन्धमा ।
५. प्रवन्ध संचालक तथा संचालकको तलबभत्ता निर्धारण गर्ने सम्बन्धमा ।
६. संचालकको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**
१. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का सम्बन्धमा विशेष प्रस्ताव ।
२. उल्लेखित साधारण तथा विशेष प्रस्तावका सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विद्युत बिकास विभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि., विद्युत नियमन आयोग लगायत नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन आएका बखत सो सम्बन्धि आवश्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने विशेष प्रस्ताव ।

**ग) बिबिध**

**संचालक समितिको निर्णय अनुसार,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**
१. सोह्रौं नियमित वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/२० गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/१९ गते सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिनको लागि योग्य हुनेछन् ।
२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुको सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखी बिहान ११:०० बजे सम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितिबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कार्यवाही अगाडी बढाइनेछ ।
३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियूक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियूक्त गर्नू भएका शेयरधनि आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र (प्रोक्सी) स्वत : बदर हुनेछ ।
४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारीतको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित रहनेछ ।
५. वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ । साथै, अन्य थप जानकारी कम्पनीको वेभसाइट www.greenlifehydropower.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१०/१० गते**

यस कम्पनीको मिति २०८२/०९/१७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **घले थापा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ओवायासी कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि.नं. ३१४१३५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८२/१०/१० गते**

यस कम्पनीको मिति २०८२/०९/०६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **त्रिदेव एल. बि.डि. कन्स्ट्रक्सन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कन्काई ग्लोबल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं. ३५१९६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८२/१०/१० गते**

यस कम्पनीको मिति २०८२/०६/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निगाले सिमेन्ट्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निगाले इण्डस्ट्रिज प्रा.लि.(प्रा.लि.नं. ५०३७४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**रावा बेसी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हरमटार, कुभिन्डे, खोटाङ्ग**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः– २०८२/१०/१०**

यस रावा बेसी गाउँपालिकाबाट आह्वान गरिएको वडा कार्यालय तला थप-१ कुभिन्डे (Ward Office Building Tala Thap 1- Kubhinde) सम्बन्धि बोलपत्र नं. RAWA/Works/NCB-03/2082/83 मा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको मिति २०८२/१०/०९ को निर्णय अनुसार श्री Bhairab Peak Construction Pvt.Ltd. खोटाङ्ग, नेपालले पेश गरेको रकम रू. २४,१४,७२६.७६ (अक्षरूपि चौबिस लाख चौध हजार सात सय छब्बीस रूपैंयाँ छयात्तर पैसा मात्र) मु.अ.कर र पि.एस. सहित भएको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा न २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**बोधार्थ**

1. Rawa Aiselu Construction & Suppliers Pvt.Ltd.

**प्रमुख प्रशासकीय अधिकृत**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, १० माघ, २०८२**

| | |
|---|---|
| **मेष** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **वृष** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **मिथुन** | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **कर्कट** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **सिंह** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कन्या** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **तुला** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **वृश्चिक** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **धनु** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **मकर** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **कुम्भ** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **मीन** | रोकिएका काम बन्ने, आयस्रोत बढनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० माघ, २०८२ (२४ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.०९ | १४५.६९ |
| युरो | १ को | १६८.२९ | १६८.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९४.१७ | १९४.९७ |
| स्विस फ्रैन्क | १ को | १८०.७० | १८१.४४ |
| अस्ट्रेलियन डलर | १ को | ९६.९६ | ९७.३६ |
| क्यानाडियन डलर | १ को | १०४.२७ | १०४.७० |
| सिङगापुर डलर | १ को | ११२.५६ | ११३.०३ |
| जापानी येन | १० को | ९.१८ | ९.२१ |
| चिनियाँ युआन | १ को | २०.८२ | २०.९१ |
| साउदी अरब रियाल | १ को | ३८.६९ | ३८.८५ |
| कतारी रियाल | १ को | ३९.८१ | ३९.९७ |
| थाई भाट | ख १ को | ४.६१ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५० | ३९.६७ |
| मलेसियन रिङेट | १ को | ३५.७६ | ३५.९१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८५ | ९.८९ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.८० |
| डेनिस क्रोनर | १ को | २२.५२ | २२.६२ |
| हङकङ डलर | १ को | १८.६१ | १८.६९ |
| कुवेती दिनार | १ को | ४७४.४६ | ४७६.४२ |
| बहराइन दिनार | १ को | ३८४.८५ | ३८६.४५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मानव इतिहास खोजिँदै, भेटिए भाँडाका टुक्रा

> अनुसन्धनकर्ता प्रा.डा. डिल्लीराज शर्मा र अशोक थारूले अनुसन्धान गर्दा त्यस्ता सामग्री फेला परेका हुन् । जुम्लिकोट, खुनखुने, नौखाने तालको डाँडो, गिढन्यासहितका स्थानबाट त्यस्ता सामग्री फेला पारेर ल्याइएको अनुसन्धानकर्ता डा. शर्माले बताए ।



**दीपक बोहरा/दाङ**

चुरे क्षेत्रकोबीचमा पर्ने दाङ तुलसीपुर उपमहानगरपालिका-१३ स्थित 'तुई' उपत्यकामा मानव सभ्यताको इतिहास खोज्न थालिएको छ । तीन विदेशी नागरिकले पहिले नै अनुसन्धानसमेत गरिसकेको अवस्थामा विश्वमै चर्चामा रहेको सोही क्षेत्रलाई पर्यटकीय हिसाबले पनि अगाडि बढाउन सकिने भन्दै त्यसको इतिहास खोज्न थालिएको हो । धेरै वर्षअघि मानिसले चुरे क्षेत्र नै बासस्थान रोजेकाले पनि विदेशीहरूले दाङको चुरे क्षेत्रमा मानव इतिहास खोजेका थिए । सोही ठाउँमा तुलसीपुर उपमहानगरपालिकाले पनि मानव इतिहास खोज्न थालेको हो । सोही क्रममा उपमहानगरपालिकाले तुई उपत्यकाको सांस्कृतिक र पुरातात्त्विक प्रारम्भिक सर्वेक्षणसमेत गरेको छ । सर्वेक्षणका क्रममा त्यतिबेला मानिसले प्रयोग गरेका भाँडाका टुक्रा भेटिएका थिए ।

अनुसन्धनकर्ता प्रा.डा. डिल्लीराज शर्मा र अशोक थारुले अनुसन्धान गर्दा त्यस्ता सामग्री फेला परेका हुन् । जुम्लिकोट, खुनखुने, नौखाने तालको डाँडो, गिढन्यासहितका स्थानबाट त्यस्ता सामग्री फेला पारेर ल्याइएको अनुसन्धानकर्ता डा. शर्माले बताए । 'हामीले अनुसन्धान गर्दा प्रस्तरका टुक्रा तथा माटाका भाँडाका टुक्रा फेला परे,' उनले भने, 'यस आधारबाट यो क्षेत्र ढुंगे युगका मानिसको बासस्थान रहेको अनुमान गर्न सकिन्छ ।' उनीहरूले गिधनिया, मझकटुवा, रनीयापुर, झाँक्री ढुंगा, जन्ती ढुंगा, सीता डेहरी जुम्लीकोट, विगुले ढुंगा र राजाकोटमा अनुसन्धान गरेका थिए ।

पूर्वी रनियापुरको देवली पुज्ने डाँडोमा केही प्रस्थरका र अधिकांश माटाका भाँडाका टुक्राहरूसहित सत्रुलाई प्रहार गर्नसक्ने अग्रभाग तीखो रहेका औजारसमेत भेटिएका थिए । त्यस्तै साना चेप्टा आकारका औजारमा अगाडि तीखो धार पनि रहेका थिए । तुलसीपुर उपमहानगरपालिकाको आर्थिक सहयोगमा सो अध्ययन प्रतिवेदन तयार गरिएको हो । यसअघि सन् १९७८ मा रवर्ट एम वेस्ट, सन् १९८२ देखि १९९२ मा गुडरन कर्भिनस, १९९२ देखि १९९५ सम्म रेण्डि हलेण्डले सोही स्थानमा अध्ययन गरेका थिए । एक हप्ताको स्थलगत अध्ययनपछि प्रतिवेदन तयार पारिएको डा. शर्माले बताए । उनका अनुसार व्यापक अतिक्रमण र प्राकृतिक प्रकोपले गर्दा पुर्खाले सिर्जना गरेका ढुंगाका सामग्री दिनानुदिन लोप हुँदै गएको उनको भनाइ छ ।

> पूर्वी रनियापुरको देवली पुज्ने डाँडोमा केही प्रस्थरका र अधिकांश माटाका भाँडाका टुक्राहरूसहित सत्रुलाई प्रहार गर्नसक्ने अग्रभाग तीखो रहेका औजारसमेत भेटिएका थिए । त्यस्तै साना चेप्टा आकारका औजारमा अगाडि तीखो धार पनि रहेका थिए । तुलसीपुर उपमहानगरपालिकाको आर्थिक सहयोगमा सो अध्ययन प्रतिवेदन तयार गरिएको हो । यसअघि सन् १९७८ मा रवर्ट एम वेस्ट, सन् १९८२ देखि १९९२ मा गुडरन कर्भिनस, १९९२ देखि १९९५ सम्म रेण्डि हलेण्डले सोही स्थानमा अध्ययन गरेका थिए ।

## कहाँ के भेटिए ?

विगतमा विदेशीहरूले गरेको अनुसन्धानका क्रममा बराखुट्टीबाट कर्भिनसले पालिसदार प्रस्तर औजारका साथै माटाका भाँडाकुँडासमेत भेटिएका थिए । यसले गर्दा ती स्थानलाई पछिल्लो ढुंगे युगको अन्तिम चरणमा मानवले आफ्नो बासस्थानको विनाश गर्नुका साथै माटाका भाँडाको निर्माण गर्न थालेको हुनसक्ने डा. शर्माले अनुमान गरे । उनका अनुसार मझघट्वाको खुनखुन्याडाँडामा केही समयअघि स्थानीय बासिन्दाले एउटा भुर्की र ढुंगाको सिलौटोसमेत भेटाएका थिए । त्यहाँ यसपटक पनि खस्रोपन भएका माटाका भाँडा भेटिएका थिए ।

त्यस्तै गिधन्यामा केही समयअघि भेटिएका प्रागऐतिहासिक उपकरणहरू हाल राष्ट्रिय संग्रहालयमा पनि राखिएको छ । त्यहाँ ज्याण्डी हालैण्डले अनुसन्धान गर्दा नवपाषाणकालीन औजारहरू भेटिएको थियो । त्यस्तै मध्ययुगीन अवधि र पछिल्लो ढुंगेयुग अवधिका प्रस्तर औजार भेटिएका थिए । गुडरन कार्विनस्ले पनि त्यहाँ पाषाण औजारहरू प्राप्त गरेको कुरा उल्लेख रहेको डा. शर्माले बताए । त्यस्तै पूर्वी रणियापुरको देवली पुज्ने डाँडोमा पनि ज्याण्डी हलैण्ड र गुडरन कार्विनसले पूर्व र मध्यपाषाण औजार फेला पारेको प्रतिवेदनमा उल्लेख गरेको डा. शर्माको भनाइ छ । उनका अनुसार कोतर्ने, छेड्नेका साथै कलकबाट बनेका औजार भेटिएका थिए ।

बराखुट्टीमा पनि सन् १९९३ मा ज्याण्डी हलैण्डले प्रस्तरका औजार भेटाएको प्रतिवेदनमा उल्लेख छ । त्यहाँ नवपाषाणकालीन कालअघिका छ वटा बञ्चरा, पाँचवटा स्टोन भेटिएका थिए । सोही ठाउँमा तीनवटा ढुंगाको र बाँकी माटाका भाँडाका १७ वटा औजार भेटिएका थिए । हलैण्डले त्यहाँ पाँचवटा ठाउँ रहेको उल्लेख गरेकी थिइन् । त्यस्तै जन्ती ढुंगा अहिले पनि देख्न सकिन्छ । जहाँ जन्ती लोप भएर त्यस्ता ढुंगा भएको भन्ने किम्वदन्ती भए पनि प्रागऐतिहासिककालमा दाङ र तुई उपत्यका तलाउको रूपमा रहेको प्रमाणित भइसकेकाले त्यही तलाउको पानीको छालले ढुंगा खिइएर अनौठो आकारका बनेको मान्न सकिने डा. शर्माले बताए । उनका अनुसार सन् १९७८ मा रोवर्ट एम बेस्टको टोलीले चुरेको अध्ययन गर्दा सोही ठाउँबाट माछा, गोही, कछुवालगायतका जलप्राणीका अवशेष फेला परेका थिए ।

दाङको दक्षिणतर्फका चुरेबाट वेस्टको टोलीले माछाका अश्मिभूत अवशेष प्राप्त गरेका थिए । यसले गर्दा दाङ उपत्यकामा पहिलो तालको रूपमा रहेको भन्न सकिएको डा. शर्माले बताए । चुरे पहाडकै अध्ययनको सिलसिलामा सन् १९७८ मा वेस्टको टोलीले तुई उपत्यकालाई नै केन्द्र बनाएको थियो । त्यतिबेला १७ वटा स्थानबाट ५२ वटा डडाल्नुयुक्त जनावरको अवशेष फेला परेको थियो । दाङको चुरे क्षेत्र दुई किलोमिटरको चौडाइमा फैलिएको छ । दाङ उपत्यकामा रहेका चुरे शृंखलालाई ४० लाखदेखि एक करोड २० लाख वर्ष अगाडिको मानिएको छ ।

## प्रचार नहुनु दुःखद्

तुई दाङमै यस्ता महत्त्वका स्थल भए पनि जनमानसमा प्रचारप्रसार नहुनु दुःखद् भएको अनुसन्धानकर्ता अशोक थारुले बताए । ऐतिहासिकस्थलका रूपमा रहेका ती क्षेत्र अतिक्रमणमा पर्नुले इतिहास नै मेटिने खतरा रहेकाले यसतर्फ सरकार सचेत हुनुपर्ने उनको भनाइ छ । त्यस्तै ऐतिहासिक ठाउँहरूलाई पाठ्यक्रममा समावेश गर्नुपर्नेसमेत उनले बताए । ऐतिहासिक ठाउँ भए पनि मानव बस्ती विकास, वनमा वृक्ष बढ्दै जानु तथा प्राकृतिक कारणले इतिहास नै लोप भइरहेकाले यसतर्फ सचेत हुनुपर्नेमा अनुसन्धानकर्ता थारुको जोड छ ।

उनी भन्छन्, 'यसलाई संरक्षण गर्ने दायित्व पनि हाम्रै हो, यसतर्फ सबै तहको सरकार र सरोकारवालाले पनि चासो दिन आवश्यक छ ।' दाङमा यसअघि नै विदेशीहरूले अनुसन्धान गरिसकेकाले त्यसकै आधारमा थप अध्ययन गरेर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । उनका अनुसार ऐतिहासिक वस्तु भेटिएका स्थानको छनोट र संरक्षण गर्नका लागि पनि यस्तो अध्ययन गरिएको उनको भनाइ छ । ती स्थानको संरक्षण गरेमा नयाँ पुस्ताले पनि अध्ययन गर्नसक्ने नगरप्रमुख खड्काले बताए ।

'यसअघि गरिएका अध्ययनलाई आधार बनाएर हामीले पनि केही थप तथ्य भेटाएर पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ कि भनेर थप अध्ययन गरेका हौं,' उनले भने । तुई उपत्यकाको सभ्यता, इतिहासलाई जोगाउन सकियो भने त्यसले यहाँको पर्यटकीय विकासलाई टेवा पुऱ्याउने भन्दै त्यसतर्फ आफू लागेको उनको भनाइ छ । तुई बबई नदीदेखि दक्षिणतर्फ रहेको छ । त्यस्तै फूलबारीमै तुइखोला र आमखोली भन्ने खोलाहरू पनि छन् । बराखुट्टी र गिधनियामा पहेँलो रङको ग्राबेल छ भने अन्य स्थानमा खुकुलो माटो रहेको छ । जुन खेतीपातीका लागि उपयुक्त स्थान रहेको छ । *रासस*

# 'भगवान् बेचेरै परिवार पालेँ, पाप हो या पुण्य थाहा छैन'

**जुनु भट्टराई/विराटनगर**

चाउरी परेका गाला, निधारभरि उमेरका रेखा तर अनुहारमा कहिल्यै नओइलाउने मीठो मुस्कान । उमेरले आठ दशक नाघ्नै लागे पनि जोस र आत्मविश्वास भने अझै जवान छ । विराटनगर-बरगाछीस्थित जय माँ काली मूर्तिकला केन्द्रभित्र पस्ने जो-कोहीलाई पहिलो नजरमै लाग्छ- यो कुनै थाकेको वृद्धको संसार होइन, आफ्नै श्रम र विश्वासले बनाएको एउटा जीवित कलाको दुनियाँ हो । यही संसारका सर्जक हुन्, ८० वर्षीय दिनेशकुमार महतो ।

हातमा माटो, आँखामा भगवान्को आकृति र मनमा निरन्तर सिर्जनाको ऊर्जा बोकेर बसेका महतोको दिन आज पनि उस्तै व्यस्त छ । बिहानदेखि साँझसम्म मूर्तिकलामै डुबिरहने उनको जीवनशैली हेर्दा उमेरले कहिल्यै छोएन जस्तो लाग्छ । 'उनको जोस देख्दा १६-१७ वर्षे युवासँग तुलना गर्न मन लाग्छ,' छिमेकीहरू उनलाई देखेर भन्छन्, 'वर्षौंदेखि उही लगन र मिहेनत देख्छु, उनको काममा थाक्ने नामै छैन ।'

झण्डै साढे चार दशकअघि सुरु गरिएको मूर्तिकला व्यवसाय आज महतोका लागि केवल जीविकोपार्जनको साधनमात्र होइन, जीवनकै अर्थ बनेको छ । परिवारको खुसी, आस्थाको सम्मान र आत्मसन्तुष्टिको संसार उनले यही कार्यशालाभित्र सजाएका छन् । माटोबाट देवता बनाउने यो यात्रामा उनले समय, स्वास्थ्य र उमेरको सीमा कहिल्यै मापन गरेनन् । ८० वर्ष पुगिसक्दा पनि उनी आफ्नो पेसा र भविष्यप्रति ढुक्क देखिन्छन् । 'जबसम्म श्वास छ, यही काम गर्छु,' महतो आत्मविश्वासका साथ भन्छन्, 'आफ्नो सुझबुझले भ्याएसम्म भगवान्को मूर्ति बनाएर बस्छु । अब जतिञ्जेल बाँच्छु, यही पेसा चल्छ । बाँचुञ्जेल यही मूर्ति बनाएर खान्छु ।'



उनको यो भनाइ केवल शब्द होइन, जीवनभरको अभ्यास र विश्वासको प्रतिफल हो । बरगाछीको यो सानो मूर्तिकला केन्द्र महतोका लागि पसलमात्र होइन, यो उनको साधना, पहिचान र जीवनयात्राको साक्षी हो । उनको जोस देख्दा यस्तो लाग्छ, उनले संसार जितिसकेका छन् । त्यही आफूले जितेको संसार आफ्नो दुनियाँमा सजाएर परिवारलाई खुसी बाँडिरहेका छन् ।

झण्डै साढे चार दशक अगाडि मूर्तिकला व्यवसाय सुरु गरेका महतोलाई अझै पनि आफ्नो श्वास रहुञ्जेल यही पेसालाई निरन्तरता दिएर गुजारा चलाइन्छ भन्ने लागेको छ । कर्म सबैले गर्छन्, कर्म गर्नेहरू त्यही कर्मलाई पूजा ठान्छन् तर दिनेशका लागि भने पूजा नै कर्म हो । बिहान उठेर नित्यकर्म सकेपछि उनको दैनिकी यही मन्दिर बनाउने कलाबाट सुरु हुन्छ र दिनको अन्त्य पनि । यही मूर्तिकला नै आफ्नो संसार भएको बताउँदै दिनेश भन्छन्, 'जेठो छोरो नै ४० कटिसक्यो, त्यसबेलादेखिको संघर्ष अहिलेसम्म पनि उस्तै नै छ । तर संघर्षले थकान दियो तर पीडा भने कहिल्यै दिएन ।'

महतोको १० जनाको परिवारको सबै आर्थिक भार थेग्दै आएको छ मूर्तिकला व्यवसायले । सुरुसुरुमा एक्लैको सीपले जेनतेन परिवार पाल्दै आएका महतो छोराहरू हुर्किँदै गएपछि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको बताउँछन् । छोराहरू सानो हुँदै गर्दा उनको काममा श्रीमतीले पनि सहयोग गर्थिन् । पछि छोराहरूले सीप सिकेपछि उनीहरूले पनि बुबालाई साथ दिन थालेका छन् । यो पेसामामात्र होइन, हरेक पेसामा दुःख, अप्ठयारो जस्ता साह्रोगाह्रो सबैलाई हुने कुरा भएकाले आफूहरूलाई त्यस्ता कुराले कहिल्यै हतास नभएको महतो बताउँछन् ।

> झण्डै साढे चार दशकअघि सुरु गरिएको मूर्तिकला व्यवसाय आज महतोका लागि केवल जीविकोपार्जनको साधनमात्र होइन, जीवनकै अर्थ बनेको छ । परिवारको खुसी, आस्थाको सम्मान र आत्मसन्तुष्टिको संसार उनले यही कार्यशालाभित्र सजाएका छन् । माटोबाट देवता बनाउने यो यात्रामा उनले समय, स्वास्थ्य र उमेरको सीमा कहिल्यै मापन गरेनन् । ८० वर्ष पुगिसक्दा पनि उनी आफ्नो पेसा र भविष्यप्रति ढुक्क देखिन्छन् ।

दिनेशका तीन छोरामध्ये जेठो राकेश पहिलेदेखि नै बाबुको सीपलाई सिकेर बाबुकै केन्द्रको काम सम्हाल्दै आएका छन् भने माइला छोरा नितेश सात वर्ष पहिले गाडी तथा सिटी सफारी चलाउने काम गर्छन् । हाल उनी पनि बाबुकै व्यापारमा सहयोग गरिरहेका छन् भने कान्छो छोरा केन्द्रबाट नै आल्मोनियमको काम गर्दै आएका छन् ।

दिनेशका माहिला छोरा नितेश आफूले बुझ्ने भएदेखि बुबाहरू यति मूर्तिकलाको काम गर्दै आएकाले यो पेसाप्रति छुट्टै प्रकारको लगाव भएको बताउँछन् । बुबाको यो पेसाप्रतिको लगन र प्रेम देखेपछि आफूलाई अन्य पेसामा जान मन नलागेका कारण आफूले पनि यही सीप सिकेर काम सुरु गरेको बताउँछन् । निकेश भन्छन्, 'बूढा हुनुभएको बाबु दिनरात मिहेनतका साथ काम गरिरहनुभएको छ, समयमै माग दिन नसकिरहेको अवस्थामा आफूले कसरी अन्यत्र काम गर्नु ? मनले मानेन त्यसैले बुबाकै व्यवसायमा सहयोग गर्छु भनेर यतै सुरु गरेँ ।'

मूर्ति निर्माणका लागि आवश्यक पर्ने कच्चापदार्थको रूपमा माटो पराल सुत्ली (सनपाटको डोरी) काँटी, सजावटको कपडा, मुकुट कपालजस्ता विभिन्न प्रकारका नक्कली गहनाहरू भारतको सिलगुडीबाट ल्याउने गरेको नितेश बताउँछन् । 'पराल त यही ठेलाले ल्याइदिन्छ,' नितेश भन्छन्, 'मूर्तिमा लगाउने सम्पूर्ण शृंगारका सामग्री र रङहरू भने हामी सिलगुडीबाट ल्याउने गरेका छौं ।'

वर्षौंदेखि एकै ठाउँमा एउटै व्यक्तिले व्यावसायिकरूपमा मूर्ति बनाउँदै आएकाले बजारको समस्या छैन । वर्षको एक लाख १० हजार भाडा तिरेर परिवार पाल्न कुनै समस्या नरहेको दिनेश बताउँछन् । केही वर्षयता भने पहिलेको जस्तो मूर्तिको माग नआएको निकेश बताउँछन् । उनी भन्छन्, 'पहिलेजस्तो माग नभए पनि परिवारमा अन्य सदस्यहरूबाट पनि केही आयस्रोतका बाटोहरू भएकाले चिन्ता लिनुपर्ने अवस्था भने छैन ।'

कतिपय ग्राहकहरू मूर्ति बनाउन माग दिएर जान्छन् तर फर्केर आउँदैनन्, त्यस्तो अवस्थामा भने उनीहरूलाई निकै असहज हुने गर्दछ । 'सुरुमै सम्पूर्ण भुक्तानी लिन सकेको खण्डमा सबै समयमै आएर आफ्नो मागअनुसार सामान लान्छन्,' नितेश भन्छन्, 'थोरै अग्रिम भुक्तानी लिएर काम गर्दा सामान खरिद गर्न अन्य पैसा थप्नुपरेको हुन्छ, त्यसमाथि सामान लिन नआइदिँदा हामीलाई सीधै घाटा हुने गर्दछ ।'

क्रमशः पृष्ठ ५ मा

# कर्णाली प्रदेशका छ जनाले लिए उम्मेदवारी फिर्ता

**भेरीगंगा (सुर्खेत)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि कर्णाली प्रदेशका छ जनाले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार कालिकोट, हुम्ला र सल्यानका गरी छ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका हुन् । जसअन्तर्गत सबैभन्दा धेरै कालिकोटबाट चार जनाले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । उम्मेदवारी फिर्ता लिनेमा नेपाली कांग्रेसबाट वागी उम्मेदवारी दिएका भूपेन्द्रजङ शाही, नेपाली कम्युनिस्ट पार्टीका वागी उम्मेदवार जीवन बूढा, प्रगतिशील लोकतान्त्रिक पार्टीका धर्मराज न्यौपाने र देशभक्त पार्टीका प्रेमसिंह तिरुवा रहेको मुख्य निर्वाचन कार्यालय कालिकोटका मुख्य निर्वाचन अधिकृत कुलप्रसाद दाहालले जानकारी दिए ।

उनका अनुसार कालिकोटमा १४ जनाले उम्मेदवारी दिएका थिए । अब १० जना उम्मेदवार कायम भएका छन् । हुम्लाबाट मितेरी नेपाल पार्टीका जयबहादुर शाहीले उम्मेदवारी फिर्ता लिएका छन् । हुम्लामा अब सात जना उम्मेदवार कायम भएका छन् ।

सल्यानमा १६ जनाले उम्मेदवारी दर्ता गरेकामा आमजनता पार्टीका उम्मेदवार मानसिंह विकले उम्मेदवारी फिर्ता लिएका छन् । सल्यानमा अब १५ जना उम्मेदवार कायम भएका छन् । अन्य जिल्लाबाट भने कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता नलिएको जिल्ला निर्वाचन कार्यालयले जनाएका छन् । जसअन्तर्गत जाजरकोटमा ११ जना उम्मेदवार मैदानमा उत्रिँदा, जुम्लामा एकजना स्वतन्त्रसहित १० जना, डोल्पामा एक जना स्वतन्त्रसहित नौ जनाको उम्मेदवारी कायम भएको छ ।

मुगुमा सात जना उम्मेदवारहरू निर्वाचनमा होमिएका छन् भने दुई वटा क्षेत्र रहेको सुर्खेतमा ३० जना उम्मेदवार मैदानमा छन् । सुर्खेत क्षेत्र नम्बर १ मा १३ जना र क्षेत्र नम्बर २ बाट १७ जना उम्मेदवारी कायम भएको छ। दैलेख क्षेत्र नम्बर १ मा १० जना तथा क्षेत्र नम्बर २ मा ११ जनाको उम्मेदवारी रहँदा रुकुम पश्चिममा १२ जनाको उम्मेदवारी कायम भएको छ । योसँगै कर्णालीमा १३२ जनाको उम्मेदवारी कायम भएको छ । कर्णालीमा १२ क्षेत्र रहेका छन् ।

# महावीरले पाए त्रिभुज चुनाव चिह्न

**म्याग्दी (प्रस)–** अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएका डा. महावीर पुनले त्रिभुज चुनाव चिह्न पाएका छन् । म्याग्दीमा स्वतन्त्र उम्मेदवार बनेका पुनलाई शुक्रबार निर्वाचन आयोगले उक्त चुनाव चिह्न प्रदान गरेको हो । पुनले रोजेको त्रिभुज चुनाव चिह्न नै आयोगले प्रदान गरेको छ ।

म्याग्दीमै स्वतन्त्र उम्मेदवार बनेका नवीन जिसीले उम्मेदवारी फिर्ता लिएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा शुक्रबार तोकिएको समय बिहान १०:०० देखि दिउँसो १:०० बजेभित्रको समयमा जिसीको मात्र उम्मेदवार फिर्ता भएको हो । १३ जनाको मनोनयन दर्ता भएकामा एक जना स्वतन्त्र र १२ जना राजनीतिक दलको उम्मेदवारी कायम रहेको सहायक निर्वाचन अधिकृत जगतबहादुर भण्डारीले बताए ।

नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका अर्जुन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका युवराज रोका र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का डम्मरबहादुर सुवेदीको उम्मेदवारी कायम छ ।

उनका अनुसार नेकपा माओवादीका क्षेत्रबहादुर घिमिरे (ध्रुव), प्रगतिशील लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, मंगोल नेसनल अर्गनाइजेसनका भीमबहादुर लामा र नेसनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजाको उम्मेदवारी पनि कायमै छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एक निर्वाचन क्षेत्र र छवटा स्थानीय तह रहेको म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता छन् । ८२ मतदानस्थल र १२० वटा मतदान केन्द्र कायम छन् ।

# भोजपुरका ३३ मतदानस्थल अति संवेदनशील




**भोजपुर (प्रस)–** आगामी फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भोजपुरमा ३३ मतदानस्थललाई अति संवेदनशील सूचीमा राखिएको छ ।

निर्वाचनका लागि सुरक्षा दृष्टिकोणले ८७ वटा मतदानस्थलहरूमध्ये ३३ वटा मतदानस्थललाई अति संवेदनशील सूचीमा राखेको हो । जिल्ला सुरक्षा समितिले अवस्था हेरेर मतदानस्थललाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन भागमा वर्गीकरण गरेको प्रमुख जिल्ला अधिकारी राजन पौडेलले जानकारी दिए । २० वटा संवेदनशील र ३४ मतदानस्थललाई सामान्यमा वर्गीकरण गरिएको छ ।

विगतमा भएका निर्वाचनको समीक्षा, सञ्चार, यातायातको पहुँच र दलको प्रभावलगायत विषयलाई आधार मानेर मतदानस्थलको संवेदनशीलता तय गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मतदान कार्यक्रमलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न स्थानीय प्रशासनले र चारवटै सुरक्षा निकायले सुरक्षा योजना बनाएर काम गरिरहेको छ । निर्वाचनका बेला स्रोतसाधनको व्यवस्थापन र जनशक्ति परिचालनका लागि सुरक्षा समितिले मतदानस्थलको निरीक्षणसमेत गरेको छ ।

भोजपुरमा आसन्न निर्वाचनमा भाग लिन १२ दलका १२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । भोजपुरमा नेकपा एमालेका शेरधन राई, नेपाली कांग्रेसका बालकृष्ण थापा, नेपाली कम्युनिस्ट पार्टीका अजम्बर काङमाङ राई, राष्ट्रिय स्वतन्त्र पार्टीका रमेशप्रसाद ओझा, श्रम संस्कृति पार्टीका ध्रुवराज राई, नेकपा माओवादीका देवानराज राई, जनता समाजवादी पार्टीका गोपालकुमार राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका जनक नेपाल, राष्ट्रिय परिवर्तन पार्टीका जितेन्द्र राई, नेपाल मजदुर किसान पार्टीका राजाराम बासी, मंगोल नेसनल अर्गनाइजेसनका चन्द्रप्रसाद राई र आमजनता पार्टीका तर्फबाट युवराज थापा चुनावी मैदानमा छन् ।

प्रतिनिधिसभाका लागि एक निर्वाचन क्षेत्र रहेको भोजपुरमा ८७ मतदानस्थल र अस्थायीसहित १६१ वटा मतदान केन्द्र निर्धारण भएको जिल्ला निर्वाचन कार्यालय प्रमुख डिकेन्द्र सुवेदीले जानकारी दिए । उनका अनुसार जिल्लामा आगामी निर्वाचनका लागि एक लाख २५ हजार ६६६ जना मतदाता कायम भएका छन् ।

पृष्ठ ४ बाट क्रमशः

## भगवान् बेचेरै....

कोरोनाको समयपछि भने व्यवसाय पहिलेजस्तो नभएको उनी सुनाउँछन् । उनी भन्छन्, 'कोरोनाको समय सन्त्रासको कारण सार्वजनिकस्थलमा मानिसको चहलपहल नहुँदा भने गुजारा चलाउन केही कठिन भएको थियो ।'

वैशाखबाट सुरु गरे पनि माघसम्म मूर्तिकलाको काममा निकै व्यस्त समय हो । माघदेखि वैशाखसम्म फेरि व्यापार सुक्खा हुन्छ । यो छ महिना बेमौसममा पनि बाबुले व्यापार धान्ने गरेको छ । कहिलेकाहीँ दिनेशलाई आफूले बनाएको मूर्ति बेच्दा खल्लो लाग्ने गरेको बताउँछन् । 'हामी देवीदेउताका मूर्ति बेचेर खाँदै छौं, त्यो पाप नै होला नि ?' बाबुले यति भनिरहँदा छोरा नितेश भने भने आफूहरूलाई मूर्ति बनाएर बाँच्नु भनेर भगवान्ले आशीर्वादस्वरूप कला दिएको बताउँछन् ।

केन्द्रमा भगवान्का मूर्तिहरू मात्रै आँखामा पर्दैनन्, कुनामा सजाएर राखिएका माटोका चुला, परम्परागत भाँडाकुँडा, स-साना सजावटी सामग्री र दैनिक प्रयोगमा आउने कलात्मक वस्तुहरूले पनि ध्यान तान्छन् । यी सामग्रीहरूले जय माँ काली मूर्तिकला केन्द्रलाई केवल मूर्तिको पसल होइन, माटोबाट बनेको एउटा जीवन्त संस्कृति संग्रहालयजस्तै बनाइदिएका छन् । यी अधिकांश कलात्मक सामग्री दिनेशकुमार महतोकी श्रीमतीको हातको सीप हुन् । उनी फुर्सदका क्षणलाई खाली बस्न नदिई माटोसँग खेल्दै सिर्जनामा लगाउने गर्छिन् । 'मूर्ति बनाउने काम उहाँको हो, अरू सामग्री म बनाउँछु,' दिनेशकी श्रीमती सहजरूपमा भन्छिन् । घरायसी जिम्मेवारी र पारिवारिक कामकाजबीच उनले समय निकालेर बनाएका माटोका सामग्री अहिले केन्द्रको अर्को पहिचान बन्दै गएका छन् ।

विशेषगरी माटोका चुलाहरू ग्राहकबीच निकै लोकप्रिय छन् । परम्परागत स्वाद र चुलोको न्यानोपन खोज्ने ग्राहकहरूले यी चुलालाई प्राथमिकताका साथ लैजाने गरेको महतो दम्पती बताउँछन् । 'आजभोलि पनि माटोको चुलो खोज्दै आउनेहरू धेरै हुन्छन्,' दिनेश भन्छन्, 'पहिले मूर्ति लिन आउने ग्राहकले 'यस्ता अरू माटोका सामान पनि बनाउनुहुन्छ ?' भनेर सोध्न थाले । ग्राहकको यही चासो र मागपछि केन्द्रमा मूर्तिबाहेक अन्य सामग्री राख्ने क्रम सुरु भएको हो ।

दैनिक जीवनमा प्रयोग हुने भाँडाकुँडा, धुपदानी, माटोका बत्ती, फूलदानी, खुत्रुक्के र चुलो बिक्रीका लागि राखिएका छन् । 'ग्राहकको रुचि बुझेर नै सामग्री थप्दै गयौं,' दिनेश बताउँछन्, 'आवश्यकताले नै हाम्रो सिर्जनालाई फराकिलो बनायो ।' यसले महतो परिवारलाई अतिरिक्त आम्दानीमात्रै दिएको छैन, परम्परागत माटोको सीपलाई जोगाइराख्ने एउटा माध्यम पनि बनेको छ । दिनेश मूर्ति बनाउँदै गर्दा श्रीमती अर्को कुनामा माटोका सामग्रीलाई आकार दिइरहेकी देखिन्छिन् । त्यो दृश्य आफैंमा श्रम, सहकार्य र पारिवारिक आत्मनिर्भरताको कथा पनि हो ।

सानो ठाउँमा अटाएका यी माटोका सामग्रीहरूले केन्द्रलाई अझ जीवन्त बनाएका छन् । कतिपय ग्राहकहरू मूर्ति हेर्न छिर्छन् तर हातमा माटोको चुलो वा सजावटी सामग्री किनेर निस्किने गर्दछन् । यसरी जय माँ काली मूर्तिकला केन्द्रमा माटो केवल पूजा र आस्थासँग मात्र होइन, दैनिकी र जीवनशैलीसँग पनि जोडिएको छ । *रासस*


## साउदी/युएइमा रोजगार

कम्पनी : MANAL SULAIMAN BIN ZAID AL-ZUNAIDI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337459 | चलानी नं. ६०२५११३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 1 | 0 | 1200 | ४६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXTRACT CLEANING SERVICES - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337519 | चलानी नं. ६०२५११३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 3 | 1000 | ३९,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Filing Clerk | 0 | 1 | 1500 | ५०,६०० | | | | | | | |
| 3 | Operations Manager | 1 | 1 | 6000 | २३८,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३६६/०७४/०७५

**Pigeon HR Solutions Pvt. Ltd**

Kathmandu-26, Nepal, Tel: +977-01-4965022, E-mail: info@pigeonhr.com.np

## साउदी/कुवेतमा रोजगार

कम्पनी : ABDULLAH MUHAMMAD ABDULLAH AL-DHAWAYAN FARM

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337440 | चलानी नं. ६०२५०९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Workers (Male) | 1 | 0 | 1000 | ३९,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।

कम्पनी : DROP POINT COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337593 | चलानी नं. ६०२५१०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/driver | 60 | 0 | 150 | ७१,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १८ गते (1th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## युएइमा रोजगार

कम्पनी : WHAJ ALNOOR TECHNICAL SERVICE L.L.c

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337565 | चलानी नं. ६०२५१११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1500 | ५९,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel fixer | 3 | 0 | 1500 | ५९,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Email: sunray918@gmail.com, srgoverseas@gmail.com

LIC No. 918/067/68

## कुवेतमा रोजगार

कम्पनी : COMBINED GROUP CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 332796 | चलानी नं. ६०२४६४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | heavy equipment operator | 140 | 0 | 200 | ९१,७२३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 94 | 0 | 180 | ८२,५५१ | | | | | | | |
| 3 | Light vehicle driver | 49 | 0 | 140 | ६४,२०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम इजाजत नं. ५५९/०६२/०६३

Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## युएइमा रोजगार

कम्पनी : OCEAN7 RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/११/२८ | पुन :विज्ञापन स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 320067 | चलानी नं. ६०२३४३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 57 | 0 | 800 | ३१,७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter/ Construction Carpenter | 23 | 0 | 1200 | ४७,६८० | | | | | | | |
| 3. | Mason (Nepal) | 36 | 0 | 1200 | ४७,६८० | | | | | | | |
| 4. | Scaffolder | 10 | 0 | 1200 | ४७,६८० | | | | | | | |
| 5. | Steel Fixer | 24 | 0 | 1200 | ४७,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**

Chappal Karkhana, Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236

E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com

Govt. License No. 1694/081/082

## साउदीमा रोजगार

कम्पनी : FAHAD ABDUL RAHMAN AL- HATHAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337667 | चलानी नं. ६०२५१११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ९७,२८० | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068

**DECENT EMPLOYMENT PVT. LTD.**

Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104

E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

## कुवेतमा रोजगार

कम्पनी : KUWAIT BUILDING HOUSE FOR TRADING & CONT. CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337694 | चलानी नं. ६०२५१११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Supervisor | 1 | 0 | 250 | ११८,७६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Shuttering carpenters | 10 | 0 | 130 | ६१,७५५ | | | | | | | |
| 3. | Scaffolder | 5 | 0 | 130 | ६१,७५५ | | | | | | | |
| 4. | Steel fixer | 10 | 0 | 130 | ६१,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**

Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554

E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## साउदीमा रोजगार

कम्पनी : EASTERN ALLIED PEARL LIMITED COMPANY LLC.

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337666 | चलानी नं. ६०२५११३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 7 | 0 | 1000 | ३८,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: +977 970-9094570,9808248185,9709094580,

E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

## कतारमा रोजगार

कम्पनी : DAR AL-SLAM LLTJARH WALMQAWLAT

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337487 | चलानी नं. ६०२५१०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 3 | 0 | 1400 | ५६,३१४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Cabinet Assembler | 1 | 0 | 1700 | ६८,३८१ | | | | | | | |
| 3. | Carpenter Cabinet Maker | 2 | 0 | 1800 | ७२,४०३ | | | | | | | |
| 4. | Labour | 3 | 0 | 1400 | ५६,३१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : DAMONS.CO.LTD

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337629 | चलानी नं. ६०२५१०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 8 | 0 | 1100 | ४२,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**

Frontline Recruitment

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647

Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068


## रावा बेसी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**हरमटार, कुभिन्डे, खोटाङ्ग**

**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः- २०८२/१०/१०**

यस रावा बेसी गाउँपालिकाबाट आह्वान गरिएको वडा कार्यालय तला थप- ५ दुबेकोल (Ward Office Building Tala Thap- 5 Dubekol) सम्बन्धि बोलपत्र नं. RAWA/Works/NCB-05/2082/83 मा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको मिति २०८२/१०/०९ को निर्णय अनुसार श्री Bhairab Peak Construction Pvt.Ltd. खोटाङ्ग, नेपालले पेश गरेको रकम रू. २३,७८,६७६.९२ (अक्षरूपि तेईस लाख अठहत्तर हजार छ सय छायात्तर रूपैयाँ बयानब्बे पैसा मात्र) मु.अ.कर र पि.एस. सहित भएको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा न २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला


## 'फ्रेञ्च किस'को निर्माण घोषणासँगै शुभमुहूर्त

चलचित्र 'फ्रेञ्च किस' निर्माण हुने भएको छ । एटिएफ प्रोडक्सन प्रालिको ब्यानरमा निर्माण हुन लागेको चलचित्रको शुक्रबार सरस्वती पूजाको अवसर पारेर काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा घोषणासँगै शुभमुहूर्त गरिएको छ । अभिनेता अर्पण थापाले आफ्नो नयाँ प्रोजेक्ट 'फ्रेञ्च किस'को औपचारिकरुपमा घोषणा गरेका हुन् । यस चलचित्रलाई थापा स्वयंले निर्देशन गर्दै छन् । सोमबारबाट चितवनका विभिन्न स्थानमा छायांकन सुरू हुने छ ।




शनिबार, १० माघ २०८२ (Saturday, 24 January 2026)


# चलचित्र 'पारि बुटवल' शुभारम्भ

■ दामोदर खनाल



**बुटवल–** बुटवलको पुरानो ऐतिहासिक सरस्वती मन्दिरमा शुक्रबार श्रीपञ्चमी अर्थात् सरस्वती पूजाको अवसर पारेर 'पारि बुटवल' नामक फिल्मको शुभारम्भ गरिएको छ ।

सरस्वती मन्दिरबाट फिल्म फिल्मको सुटिङ शुभारम्भ गरिएको फिल्मका लेखक एवं निर्देशक गणेशदेव पाण्डेले बताए । उनले भने, 'यहाँ बबस्नेहरूको मित्रताको कथा फिल्ममा समेटिएको छ । पारि बुटवलको आफ्नै ऐतिहासिक महत्त्व छ । तर जुनरूपमा यो ठाउँले व्यापकता पाउनुपर्ने हो त्यो रूपले पाउन सकेको छैन ।'

पहिला नुन तेल, लत्ता कपडा, सिद्राको राम्रो व्यापार राम्रो हुनुका साथै चहलपहल हुने पारी बुटवल बजार पछिल्लो समय सुनसान हुँदै गएको छ । फिल्मको सुटिङ शुभारम्भ मन्दिर दर्शनबाट गरिएको छ । यो फिल्म निर्माणले पारि बुटवलको महत्त्वलाई व्यापकता दिने आशा गरिएको छ ।

यसैबीच शुक्रवार बुटवल उपमहानगरपालिका वडा नम्बर १ पारी बुटवलमा रहेको पुरानो ऐतिहासिक सरस्वती मन्दिरमा श्रीपञ्चमीका अवसरमा पूजा अर्चना, दर्शन र अक्षारम्भ गर्न विद्यार्थी र स्थानीयको बाक्लो उपस्थिति रहेको थियो । यहाँ बालबालिकालाई मन्दिर दर्शन गराएर अक्षर लेख्न सुरू गराउने प्रचलन छ ।

यो सरस्वती मन्दिर करिब २१८ वर्ष पुरानो हो । तर पनि सरोकारवाला निकाएको खासै ध्यान जान नसक्दा यो मन्दिर ओझेलमा परेकोमा स्थानीय चिन्तित छन् ।

मननारायण मन्दिरसँगै रहेको यो ऐतिहासिक मन्दिरको मर्मतसम्भारमा सरोकारवाला निकायको खासै ध्यान पुग्न नसकेको सरस्वती मन्दिर व्यवस्थापन समितिकी अध्यक्ष देवी सिमाङगैडाको गुनासो छ । मन्दिरको पूजाआजा प्रसाद वितरणलगायतका कामसमेत स्थानीय समिति आफैंले व्यवस्थापन गर्दै आएको सचिव त्रिष्णा श्रेष्ठले बताइन् ।

# जोशीको एकल चित्रकला प्रदर्शनी


■ प्रभाव संवाददाता

**काठमाडौं–** ग्रामीण जनजीवनका दृश्य समेटेर चित्रकार सम्राट जोशीले एकल चित्रकला प्रदर्शनी गरेका छन् ।

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा उनले पाँच दिनदेखि निरन्तर चित्रकला प्रदर्शन गरिरहेका छन् । 'एन ओड टू द भ्याली' शीर्षकमा राखिएका उनका चित्रले रंगको सौन्दर्यसँगै गाउँले जीवनशैलीको महत्त्वलाई दर्शाएको छ भने काठमाडौं उपत्यकाको वास्तुकला, सम्पदा र यहाँको दैनिकीबारे पनि चित्र प्रस्तुत गरिएका छन् ।

प्रदर्शनी नेवार वास्तुकला चित्रित भित्ताहरूबाट लिइएको छ, जहाँ चित्रकला केवल सजावटीमात्र नभई दैनिक जीवनमा निहित एक अभिन्न सांस्कृतिक र अनुष्ठान अभ्यास रहेको चित्रकार जोशीको भनाइ छ ।

ग्यालरीकी निर्देशक संगीता थापाले जोशीका चित्रहरू द्रुत रूपमा फैलिएको सहरी रूपान्तरणमा गाउँले परिवेशको सौन्दर्य र नेपालीपनको गरिमा बढाउने बताइन् । उनले जोशीका चित्रहरूले परम्परागत शैलीको खोज, अनुसन्धान र नयाँ पुस्तालाई विगतको जीवनशैली अध्ययन गर्नसमेत सघाउ पुऱ्याउने धारणा राखिन् ।




जोशीको कला प्रर्दशनीमा प्रमुख अतिथि भएका रवीन्द्र पुरीले समकालीन कलात्मक अभ्यासलाई जोड दिँदै इतिहास, श्रमको महिमा कलामा समेटिनुपर्ने बताए । जोशीका चित्रले ग्रामीण जीवनको वैज्ञानिक अर्थसमेत महसुस गराउन सकेको उनको भनाइ छ । प्रदर्शनी आगामी फागुन छ (फेब्रुअरी १८) गतेसम्म जारी रहने छ ।

# तीन स्रस्टालाई तारादेवी सम्मान

**काठमाडौं (प्रस)–** सांगीतिक क्षेत्रका तीन स्रस्टालाई तारादेवी स्रस्टा सम्मान प्रदान गरिएको छ । नेपाली संगीतकी स्वर किन्नरी तारादेवी श्रेष्ठको २०औं पुण्य स्मृतिमा आयोजित 'सम्झनामा तारादेवी स्रस्टा सम्मान तथा सांगीतिक कार्यक्रम २०८२' का अवसरमा शुक्रबार गीतकार माधवप्रसाद खनाल 'भावुक,' संगीतकार शिव शंकर मानन्धर र गायनमा संगीता राना प्रधानलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेलाई ताम्रपत्र, दोसल्लासहित जनही २५ हजार रूपैयाँ प्रदान गरिएको छ । तारादेवी स्मृति प्रतिष्ठानको आयोजना तथा काठमाडौं महानगरपालिकाको सहआयोजनामा सम्पन्न कार्यक्रममा तारादेवीले गाएका एक दर्जनभन्दा बढी गीतहरू विभिन्न गायक/गायिकाले प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष दीपक केसीले तारादेवीको सम्मानमा सांगीतिक क्षेत्रका अग्रजलाई सम्मान गर्न र नयाँ पुस्तालाई प्रोत्साहन गर्न कार्यक्रमलाई बर्सेनि निरन्तरता दिँदै आएको बताए ।

## रंगशाला

# 'खेल क्षेत्रको विकास राष्ट्र विकासको महत्त्वपूर्ण आधार'

**कास्की–** गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले खेल क्षेत्रको विकासबाट राष्ट्रको समग्र विकासको महत्त्वपूर्ण आधार हुने बताएका छन् ।




पोखरामा शुक्रबारदेखि सुरु भएको 'टाइगर कप' राष्ट्रिय/अन्तर्राष्ट्रिय आमन्त्रित खुला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकुदले राष्ट्रको गौरव, शान, मान, पहिचान स्थापित गरेको बताए ।

'खेल क्षेत्रको विकास राष्ट्र विकासको महत्त्वपूर्ण आधार हो । खेलको विकासबाट राष्ट्रको सर्वांगीण विकासको ढोका खोल्ने छ । खेलको विकासबाट राष्ट्रको सर्वांगीण विकासको ढोका खोल्न सकिन्छ । नेपाल खेलकुदको माध्यमबाट समेत चिनिँदै आएको छ । सशक्त र पूर्वाधार सम्पन्न मुलुकहरूलाई खेलकै माध्यमबाट पराजित गर्न सकेका छौं,' प्रदेश प्रमुखले भने ।

खेल क्षेत्रमा लगानी वृद्धि गर्ने, खेलाडीहरूको आत्मस्वाभिमान, प्रोत्साहन, पुरस्कारका साथै वृत्तिविकासमा थप योगदान गर्ने, राज्यको भूमिकालाई थप प्रभावकारी र जिम्मेवार बनाउन सरकार प्रयत्नशील रहेको उनको भनाइ छ ।

सानो स्थान, थोरै बजेट, सबै नेपालीको पहुँच, धेरैलाई मनपर्ने र मुलुकको भौगोलिक अवस्थाका कारण पनि भलिबल राष्ट्रिय खेल बन्न पुगेको बताउँदै उनले सीमित पूर्वाधार र सुविधाका बाबजुद अन्तर्राष्ट्रियस्तरमा नेपाली महिला भलिबल टोलीले प्राप्त गरेको नतिजा प्रशंसनीय रहेको बताए ।

उनले भने, 'एसियन सेन्ट्रल जोन भलिबलको उपाधि लगातार जितेर नेपाली महिला भलिबल खेलाडीले नेपालको नाम चम्काएको म स्मरण गर्न चाहन्छु ।'

भलिबलको भौतिक संरचना तथा पूर्वाधार कमजोर भए पनि यस्ता प्रतियोगिताका कारण खेलाडीलाई फाइदा पुऱ्याएको उनको भनाइ छ । जिल्ला तथा केन्द्रीयस्तरका प्रतियोगिताले खेलाडीलाई खेल कौशल प्रदर्शन तथा आर्थिक उपार्जनमा योगदान भएको भट्टले बताए ।

टाइगर ग्रुप अफ पोखराले विगत छ वर्षदेखि भव्य र व्यवस्थित ढंगले अन्तर ाष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन गरी भलिबल खेलमार्फत पोखरा र गण्डकी प्रदेशमात्र नभई नेपाललाई नै चिनाउन महत्त्वपूर्ण भूमिका खेलेकामा धन्यवाद पनि व्यक्त गरे ।

नेपाल भलिबल संघका महासचिव रोशन श्रेष्ठले टाइगर ग्रुपले आयोजना गरेको प्रतियोगिताले नेपाली भलिबल खेलको विकासमा महत्त्वपूर्ण योगदान पुगेको बताए । 'नेपालको राष्ट्रिय खेल भलिबल विकासका लागि आफ्नै कभर्डहल निर्माण गर्नका साथै सातै प्रदेशमा प्रदेशस्तरीय खेलमैदान निर्माणका लागि संघले पहल गरिरहेको छ,' उनले भने ।

टाइगर ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्माले मुलुकको विषम परिस्थितिमासमेत आफूहरूले यो प्रतियोगितालाई निरन्तरता दिँदै भलिबल खेलमार्फत पोखरालाई विश्वसामु चिनाउन पहल गरेको बताए । 'छैटौं संस्करणमा आइपुग्दा टाइगर कप ब्राण्ड बनेको छ । यो ब्राण्डको रूपमा स्थापित गर्न भूमिका खेल्ने सबैमा म संस्थाको तर्फबाट आभार व्यक्त गर्दछु,' शर्माले भने ।

यही माघ १७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा महिलातर्फ तीन विभागीय टोली नेपाल प्रहरीको नेपाल पुलिस क्लब, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लब तथा टिपटप न्यु डायमण्ड युथ स्पोर्टस क्लब र थाइल्याण्ड क्विन्स थाइल्याण्डले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् । त्यसैगरी, पुरुषतर्फ विभागीय टोली नेपाल प्रहरीको नेपाल पुलिस क्लब, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लब तथा पर्वत जिल्ला भलिबल संघ र माल्दिभस भलिबल एसोसिएसनले उपाधिका लागि भिड्ने छ । *रासस*

# टी–२० विवादले भारतको ओलम्पिक सपना प्रभावित

**नयाँदिल्ली–** आगामी महिनामा आयोजना हुने टी–२० क्रिकेट विश्वकपले विश्वव्यापी खेल आयोजकका रूपमा भारतको साख बलियो बनाउने र दीर्घकालीन ओलम्पिक महत्त्वाकांक्षालाई सहयोग गर्ने अपेक्षा गरिएको थियो । तर बंगलादेशसँगको कूटनीतिक विवाद, सुरक्षा बहस र राजनीतिक हस्तक्षेपका आरोपले प्रतियोगिताको तयारीलाई गम्भीररूपमा प्रभावित बनाएको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले सुरक्षा चिन्ताका आधारमा आफ्ना खेल भारतबाट सह–आयोजक श्रीलंकामा सार्ने बंगलादेशको अनुरोध अस्वीकार गरेपछि प्रतियोगिता सुरु हुन दुई हप्तामात्र बाँकी रहँदा बंगलादेश प्रभावकारीरूपमा बाहिरिन बाध्य भएको छ । बंगलादेश क्रिकेट बोर्डका अध्यक्ष अमिनुल इस्लाम बुलबुलले 'हाम्रो माग विश्वकप खेल्नु हो, तर भारतमा होइन' भन्दै स्थल परिवर्तन नभए टोली सहभागी नहुने स्पष्ट पारेका छन् ।

भारत सन् २०३० को राष्ट्रमण्डल खेल अहमदाबादमा आयोजना गर्ने तयारीमा छ, जसलाई सन् २०३६ को ओलम्पिक आयोजना गर्ने दिशामा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ । तर विशेष गरी क्रिकेट लस एञ्जलस २०२८ ओलम्पिकमा पुनः समावेश भएपछि टी–२० विश्वकपको अव्यवस्थित तयारी, तालिका ढिलाइ र बंगलादेशको बहिष्कारले ती महत्त्वाकांक्षामाथि प्रश्न उठाएको छ ।

विश्वकपको तालिका डिसेम्बरसम्म सार्वजनिक हुन सकेको थिएन । अब फेब्रुअरी ७ मा हुने उद्घाटन खेलअघि बंगलादेशको स्थानमा स्कटल्याण्डलाई सहभागी गराउने सम्भावना देखिएको छ । बुलबुलका अनुसार करिब २० करोड जनसंख्या भएको क्रिकेट–प्रेमी राष्ट्र बंगलादेश बाहिरिएमा आइसिसीले ठूलो दर्शकवर्ग गुमाउने छ ।

आइसिसीले भने बंगलादेशका खेल सार्न कुनै 'विश्वसनीय वा प्रमाणित खतरा' नदेखिएको र विश्व क्रिकेटको सामूहिक हितको रक्षा गर्ने प्रतिबद्धता जनाएको छ । तर विश्व क्रिकेटमा भारतको प्रभाव अत्यन्त बलियो छ । दक्षिण एसियामा विश्वका करिब ९० प्रतिशत क्रिकेट समर्थक रहेका छन् र भारतले विश्व क्रिकेट आम्दानीको करिब तीन चौथाइ हिस्सा उत्पादन गर्छ । खेल पत्रकारहरूले बिसिसिआईको विशाल राजस्व र प्रभावका कारण विश्व क्रिकेटमा भारतको प्रभुत्वलाई 'चुनौती दिने कोही छैन' भन्ने टिप्पणी गरेका छन् । *रासस/एएफपी*

# सातदोबाटोको पहिलो जित

**काठमाडौं (प्रस)–** राजधानीमा जारी एन्फा राष्ट्रिय लिग फुटबल प्रतियोगितामा सातदोबाटो युवा क्लबले पहिलो जित दर्ता गराएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार भएको खेलमा सातदोबाटोले मनाङ मर्स्याङ्दी क्लबलाई १–० गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो ।

फरवार्ड फोडे फोफानाले गरेको एक गोल सातदोबाटोका लागि निर्णायक गोल सावित भयो । फोफानाले खेलको ६१औं मिनेटमा गोल गरेका हुन् । सातदोबाटो पहिलो खेलमा संकटा एफसीसँग गोलरहित बराबरीमा रोकिएको थियो भने न्युरोड टिम (एनआरटी)सँग ३–१ गोलको हार व्यहोरेको थियो । यता मनाङको भने यो लगातार तेस्रो हार हो । मनाङ पहिलो खेलमा त्रिभुवन आर्मी क्लबसँग ५–० गोलले पराजित भएको थियो भने मच्छिन्द्र क्लबसँग २–१ गोलले पराजित भएको थियो ।


## कतारमा रोजगार

कम्पनी : MAKE OVER SALON AND SPA

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337552 | चलानी नं. ६०२५११३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician (F) | 0 | 8 | 1700 | ६८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार

कम्पनी : SAAINO RESTAURANT LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337576 | चलानी नं. ६०२५११२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Team Members (Waiter/waitress) | 2 | 1 | 1500 | ५९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 6 | 4 | 1000 | ३९,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-1041130, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

## कुवेतमा रोजगार

कम्पनी : Mohammed Abdulmohsin Alkharafi & Sons Co. for GeneralTrading, General Contracting and Industrial St

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337665 | चलानी नं. ६०२५११२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer(3 Yr Experience) | 100 | 0 | 140 | ६६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८

## युएइमा रोजगार

कम्पनी : STAR SHELL ONE ELECTROMECHANICAL WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337562 | चलानी नं. ६०२५१०५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason/plaster Worker | 1 | 0 | 1500 | ५९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason-tile Layer White Wash Painter (Plastering) | 1 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 3. | Carpentry Construction Work | 2 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 4. | Electric Draftman | 1 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 5. | Electrical Technican Wiring | 2 | 0 | 1800 | ७१,५२० | | | | | | | |
| 6. | Engineer - Design (Mechanical) | 2 | 0 | 3500 | १,३९,०६६ | | | | | | | |
| 7. | Follow Up Clerk (Autocad) | 1 | 0 | 2500 | ९,९३,३३ | | | | | | | |
| 8. | Mechanic Draftsman | 1 | 0 | 3000 | १,१९,१९९ | | | | | | | |
| 9. | Painter | 4 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 10. | Pipe Insulator | 2 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 11. | Scaffolder | 4 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 12. | Scaffolder Supervisor | 1 | 0 | 3500 | १,३९,०६६ | | | | | | | |
| 13. | Stone /tile Masons | 3 | 0 | 1500 | ५९,६०० | | | | | | | |
| 14. | Tile Polisher | 1 | 0 | 1500 | ५९,६०० | | | | | | | |

कम्पनी : DECAGON SCAFFOLDING AND ENGINEERING CO L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | LT. No. 337655 | चलानी नं. ६०२५१०८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafolder | 4 | 0 | 1500 | ५९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १७ गते (31st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तको टोङजियाङ सहरको जिजिनकोउ हेझे जातीय टाउनसिपस्थित जमेको तालमा आयोजना गरिएको माछा मार्ने महोत्सवको क्रममा हेझे जातीय समूहका मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# टिकटकको अमेरिकी निकायमा सम्झौता




**वासिङ्टन–** सामाजिक सञ्जाल भिडियो प्लेटफर्म टिकटकले संयुक्त राज्य अमेरिकामा नयाँ एकाइ स्थापना गर्ने सम्बन्धमा सम्झौतालाई अन्तिम रूप दिएको छ । यससँगै, वर्षौंदेखि २० करोडभन्दा बढी अमेरिकी प्रयोगकर्ताले प्रयोग गर्दै आएको प्लेटफर्ममाथि सम्भावित प्रतिबन्धको खतरा टरेको छ ।

कम्पनीले नयाँ 'टिकटक युएस' नामक संयुक्त उद्यम गठन गर्न ओरेकल, सिल्भर लेक तथा संयुक्त अरब इमिरेट्सको लगानी फर्म एमजिएक्ससहित प्रमुख लगानीकर्ताहरूसँग सम्झौतामा हस्ताक्षर गरेको हो । टिकटकले बिहीबार जारी गरेको विज्ञप्तिमा नयाँ संस्करण 'परिभाषित सुरक्षा उपायहरू अन्तर्गत सञ्चालन हुने, जसले व्यापक डेटा सुरक्षा, एल्गोरिदम सुरक्षा, सामग्री नियमन तथा अमेरिकी प्रयोगकर्ताहरूका लागि सफ्टवेयर आश्वासनमार्फत राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने' स्पष्ट गरेको छ । यस सम्झौतापछि पनि अमेरिकी प्रयोगकर्ताहरूले उही टिकटक एप प्रयोग गर्न सक्ने छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रुथ सोसलमार्फत सम्झौताको स्वागत गर्दै चिनियाँ राष्ट्रपति सी चिनफिङप्रति अमेरिकासँग सहकार्य गरी अन्ततः सम्झौतालाई अनुमोदन गरेकोमा विशेष धन्यवाद दिएका छन् । उनले भविष्यमा टिकटक प्रयोग गर्नेहरूले आफूलाई सम्झने आशा पनि व्यक्त गरेका छन् ।

यस विषयमा चिनियाँ सरकारले औपचारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन । यद्यपि, वासिङ्टनस्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ पेंग्युले यसअघि नै टिकटकप्रति चीनको धारणा 'स्थिर र स्पष्ट' रहेको बताएका थिए । नयाँ संयुक्त उद्यमको प्रमुख कार्यकारी अधिकृत (सिइओ) का रूपमा एडम प्रेसर नियुक्त भएका छन् । उनले सात सदस्यीय, बहुमत अमेरिकी सदस्य रहेको निर्देशक मण्डलसँग सहकार्य गर्ने छन्, जसमा टिकटकका वर्तमान सिइओ शौ च्यु पनि सदस्य छन् ।

यस सम्झौताले संयुक्त राज्य अमेरिकामा टिकटकको भविष्यबारे लामो समयदेखिको अनिश्चिततालाई अन्त्य गरेको छ । कंग्रेसमा द्विदलीय समर्थनसहित पारित र तत्कालीन राष्ट्रपति जो बाइडेनद्वारा हस्ताक्षर गरिएको कानुनअनुसार बाइटडान्सले नयाँ अमेरिकी स्वामित्व नदिए टिकटक जनवरी २०२५ मा प्रतिबन्धमा पर्ने अवस्था थियो । केही समयका लागि प्लेटफर्म बन्दसमेत भयो । तर कार्यकालको पहिलो दिनमै राष्ट्रपति ट्रम्पले कार्यकारी आदेशमार्फत टिकटक सञ्चालनको अनुमति दिएका थिए र बिक्रीसम्बन्धी सम्झौता खोज्न निर्देशन दिएका थिए ।

सम्झौताअनुसार अमेरिकी प्रयोगकर्ताहरूको डेटा ओरेकलद्वारा सञ्चालित प्रणालीमा स्थानीयरूपमा भण्डारण हुने छ । साथै, टिकटकको सामग्री सिफारिस एल्गोरिदमलाई अमेरिकी प्रयोगकर्ता डेटाका आधारमा पुनः तालिम, परीक्षण र अद्यावधिक गरिने छ । एल्गोरिदमकै विषयलाई लिएर सुरक्षा बहस चर्किएको थियो, किनभने चीनले यसलाई आफ्नै नियन्त्रणमा रहनुपर्ने बताउँदै आएको थियो । तर अमेरिकी कानुनले बाइटडान्ससँगको सम्बन्ध, विशेषगरी एल्गोरिदममा विच्छेद हुनुपर्ने व्यवस्था गरेको छ । यस सम्झौताअन्तर्गत भने बाइटडान्सले एल्गोरिदम पुनः प्रशिक्षणका लागि अमेरिकी निकायलाई इजाजतपत्र दिने छ ।

यद्यपि, कानुनले सामग्री सिफारिस एल्गोरिदम सञ्चालनमा बाइटडान्स र नयाँ अमेरिकी स्वामित्व समूहबीच कुनै सहकार्य निषेध गरेकाले यस व्यवस्थाको व्यावहारिक कार्यान्वयन कसरी हुने भन्ने प्रश्न अझै खुला रहेको विज्ञहरू बताउँछन् । जर्जटाउन विश्वविद्यालयका कानुन तथा प्रविधि प्राध्यापक अनुपम चन्दरले भने, 'अमेरिकामा टिकटकलाई कसले नियन्त्रण गर्छ भन्ने कुराले अमेरिकीहरूले एपमा के देख्छन् भन्ने विषयमा ठूलो प्रभाव पार्छ ।' लगानी संरचनाअनुसार ओरेकल, सिल्भर लेक र एमजिएक्स तीनै प्रबन्ध लगानीकर्तासँग १५-१५ प्रतिशत सेयर रहेको छ । अन्य लगानीकर्तामा डेल टेक्नोलोजीका संस्थापक अर्बपति माइकल डेलको लगानी फर्म पनि समावेश छ । बाइटडान्सले भने संयुक्त उद्यममा १९.९ प्रतिशत हिस्सा कायम राखेको छ । *रासस/एपी*

# सानो हमिङबर्डको अन्तिम आश्रय

**क्विटो (इक्वेडर)–** इक्वेडोरियन एण्डिजको दुर्गम क्षेत्रमा रहेको एउटा प्राचीन जंगल मानव गतिविधिको बढ्दो अतिक्रमणबीच विलुप्त हुने जोखिममा परिरहेको सानो हमिङबर्डका लागि अन्तिम आश्रयस्थल बनेर उभिएको छ । यो यानाकोचा रिजर्भ हो, जुन ब्ल्याक-ब्रेस्टेड पफ्लेग (एरिओक्नेमिस निग्रिभेस्टिस) नामक अत्यन्तै दुर्लभ हमिङबर्डको अन्तिम शरणस्थलका रूपमा चिनिन्छ ।

क्विटोको प्रतीक मानिने यो सानो चरा केवल करिब नौ सेन्टिमिटर (३.५ इन्च) लम्बाइको हुन्छ । इन्टरनेसनल युनियन फर कन्जरभेसन अफ नेचरका अनुसार यसको विश्वव्यापी संख्या घटेर अहिले १५० देखि २०० वटामा सीमित भएको छ, जसले यसलाई पृथ्वीको सबैभन्दा खतरामा परेका प्रजातिमध्ये एक बनाएको छ ।

जोकोटो फाउण्डेसनले २५ वर्षअघि स्थापना गरेको यानाकोचा रिजर्भ आज एण्डियन जैविक विविधताको महत्त्वपूर्ण केन्द्र बनेको छ । संरक्षणकर्मीहरूले यस क्षेत्रलाई एउटा चरामात्र नभई, सम्पूर्ण इकोसिस्टम जोगाउने उद्देश्यले संरक्षण गरिरहेको बताएका छन् । संरक्षणवादी पाओला भिलाल्बाले भने, 'हामीले एउटा प्रजातिको मात्र होइन, सम्पूर्ण पारिस्थितिक प्रणालीको रक्षा गरिरहेका छौं भन्ने कुरा हामीले बुझेका छौं ।'

यो हमिङबर्डलाई यसको खुट्टाको वरिपरि देखिने सेता पखेटा, ट्राउजरजस्तै देखिने विशेष बनावटका कारण सजिलै चिनिन्छ । ती सेता पखेटाहरू यसको गहिरो धातुजस्तो कालो छाती र कांस्य-हरियो पाखाहरूसँग तीव्ररूपमा फरक देखिन्छन् । यति आकर्षक स्वरूप हुँदाहुँदै पनि उच्च उचाइका वन क्षेत्र चरन र कृषिका लागि सफा गरिँदा यसको अस्तित्व गम्भीर जोखिममा परेको छ ।

बर्ड्स एण्ड कन्जरभेसन फाउण्डेसनकी शर्ली फारिनांगोका अनुसार यो प्रजाति समुद्र सतहबाट तीन हजारदेखि तीन हजार ५०० मिटर (नौ हजार ८०० देखि ११ हजार ४०० फिट) उचाइको साँघुरो पारिस्थितिक क्षेत्रमामात्र सीमित छ । उनका अनुसार यही उचाइको क्षेत्र कृषिभूमिमा रूपान्तरण गरिने प्रमुख क्षेत्र भएकाले दबाब सबैभन्दा बढी यहीं परेको छ ।

क्विटोबाट करिब ४५ किलोमिटर (२७ माइल) उत्तरपश्चिममा पर्ने पिचिनचा ज्वालामुखीको ढलानमा फैलिएको यो बादलले ढाकिएको जंगल जोगाउन संरक्षणकर्मीहरू अहिले तीव्र प्रयासमा जुटेका छन् । उनीहरू वन पुनःस्थापना गर्दै सानो हमिङबर्डको भविष्य सुरक्षित गर्ने दौडमा छन् । एण्डिजका 'सबैभन्दा साना परी' भनेर चिनिने यी चराका लागि यी घना र प्राचीन रूखहरू केवल बासस्थानमात्र होइनन्, बरु अस्तित्व जोगाउने अन्तिम आशा पनि हुन् । *रासस/एपी*

# ताकाइचीद्वारा संसद् विघटन, जापानमा मध्यावधि चुनाव



**टोकियो–** जापानकी प्रधानमन्त्री साने ताकाइचीले शुक्रबार संसद्को तल्लो सदन विघटन गर्दै फेब्रुअरी ८ मा मध्यावधि (स्न्याप) चुनाव गराउने मार्गप्रशस्त गरेकी छन् । यो निर्णय हालैका वर्षहरूमा ठूलो नोक्सानी व्यहोरेको शासक दललाई पुनः सुदृढ बनाउने उद्देश्यले उनको उच्च लोकप्रियताको सदुपयोग गर्ने प्रयासका रूपमा हेरिएको छ ।

यद्यपि, यस कदमका कारण संघर्षरत अर्थतन्त्रलाई गति दिने र बढ्दो मूल्यवृद्धि नियन्त्रण गर्ने लक्ष्यसहितको बजेटमाथि छलफल र मतदान केही समय ढिलाइ हुने देखिएको छ । गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीका रूपमा निर्वाचित भएकी ताकाइचीले पदभार सम्हालेको तीन महिनामात्र भएको छ । तर यस छोटो अवधिमै उनले करिब ७० प्रतिशतको बलियो अनुमोदन दर कायम गर्न सफल भएकी छन्, जसलाई राजनीतिकरूपमा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।

प्रधानमन्त्री ताकाइचीले ताइवानसमर्थक टिप्पणी गरेपछि चीनसँग जापानको सम्बन्धमा चिसोपन बढ्दै गएको छ । साथै, वासिङ्टन र बेइजिङ दुवैले यस क्षेत्रमै सैन्य श्रेष्ठता कायम गर्न खोजिरहेका बेला संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको समीकरणका बीच उनले रक्षा क्षेत्रमा खर्च बढाउने चाहना व्यक्त गरेकी छन् ।

४६५ सदस्यीय तल्लो सदन विघटनसँगै मंगलबारदेखि औपचारिकरूपमा १२ दिने चुनावी अभियान सुरु हुने छ । सदनका अध्यक्ष फुकुशिरो नुकागाले विघटनको घोषणा गर्नासाथ उपस्थित सांसदहरू उभिएर 'बान्जाइ' अर्थात् 'दीर्घायु' भन्ने नारा तीनपटक लगाउँदै चुनावी तयारीका लागि तात्कालिक रूपमा सक्रिय भएका थिए ।

## बहुमत विस्तार गर्ने ताकाइचीको आशा

प्रारम्भिक चुनावको योजना बनाउनुको मूल उद्देश्य दुई सदनात्मक संसद्को तुलनात्मकरूपमा बढी शक्तिशाली तल्लो सदनमा शासक गठबन्धनको बहुमत विस्तार गर्नु रहेको प्रधानमन्त्री ताकाइचीले स्पष्ट पारेकी छन् । उनको लोकप्रियताले यस प्रयासलाई बल पुग्ने विश्वास लिइएको छ ।

सन् २०२४ मा चुनाव पराजय व्यहोरेपछि भ्रष्टाचारसम्बन्धी काण्डले बदनाम बनेको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) र यसको गठबन्धनसँग तल्लो सदनमा केवल झिनो बहुमतमात्र छ । माथिल्लो सदनमा भने गठबन्धनसँग बहुमत नहुँदा आफ्ना नीति तथा कार्यक्रम पारित गर्न विपक्षी दलका सांसदहरूको समर्थनमा निर्भर रहनुपरेको अवस्था छ ।

प्रमुख आर्थिक कार्यक्रमका लागि आवश्यक बजेट पारित गर्न ढिलाइ गरेको भन्दै विपक्षी नेताहरूले प्रधानमन्त्री ताकाइचीको कडा आलोचना गरेका छन् । यसबारे सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भनिन्, 'म विश्वास गर्छु कि सार्वभौम नागरिकका रूपमा जनताले साने ताकाइची प्रधानमन्त्री हुनुपर्छ कि हुँदैन भन्ने निर्णय गर्ने यही एकमात्र विकल्प हो, म प्रधानमन्त्रीका रूपमा मेरो सम्पूर्ण करिअर यस निर्णयसँग जोड्दै छु ।'

कट्टर रूढीवादी धारणा राख्ने प्रधानमन्त्री ताकाइचीले आफ्ना मध्यमार्गी पूर्ववर्ती शिगेरु इसिबासँगको वैचारिक भिन्नता प्रस्ट रूपमा देखाउन चाहेकी छन् । उनका अनुसार जापानलाई 'बलियो र समृद्ध' राष्ट्र बनाउन वित्तीय खर्च विस्तार, सैन्य संरचना सुदृढीकरण तथा कडा आप्रवासन नीतिहरू आवश्यक छन् र यी विषयमा मतदाताले निष्पक्ष मूल्यांकन गर्नुपर्ने छ ।

उत्साही र निर्णायक नेतृत्व छविका कारण विशेषगरी युवा पुस्तामाझ उनको अनुमोदन दर बलियो देखिएको छ । यद्यपि, राजनीतिक कोषसम्बन्धी घोटालाबाट एलडिपी अझै पूर्णरूपमा मुक्त हुन नसकेकाले परम्परागत समर्थक मतदातामध्ये केही विश्वव्यापीकरणविरोधी सान्सेइतोजस्ता उदीयमान अति दक्षिणपन्थी लोकप्रिय विपक्षी दलतर्फ आकर्षित भएका छन् । *रासस/एपी*

# टो लाम पुनः भियतनामको कम्युनिस्ट पार्टी महासचिव



**हनोई–** भियतनामका नेता टो लाम शुक्रबार आफ्नो सत्तारूढ कम्युनिस्ट पार्टीको महासचिवका रूपमा पुनः निर्वाचित भएका छन् । यो निर्णय राष्ट्रिय पार्टी कांग्रेसको समापनमा भएको हो, जसमा देशको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक तथा आर्थिक दिशानिर्देश तय गरिएको थियो ।

उनी यसै सन्दर्भमा राष्ट्रपति हुने छन् कि भन्ने विषयमा कुनै घोषणा गरिएको छैन । यदि लामले दुवै पद सम्हाले भने उनी चिनियाँ नेता सी चिनफिङजस्तै दशकौंसम्म देशका सबैभन्दा शक्तिशाली नेता बन्न सक्ने छन् ।

कांग्रेसले सन् २०२६ देखि २०३० सम्म वार्षिक १० प्रतिशत वा सोभन्दा बढी कूल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धिको लक्ष्य राखेको छ । लगभग एक हजार ६०० प्रतिनिधिले सन् २०३१ सम्म भियतनामको राजनीतिक र आर्थिक दिशा निर्धारण गर्ने पोलिटब्युरोका १९ सदस्य निर्वाचित गरेका छन् ।

भियतनामले विश्वव्यापी उत्पादन केन्द्रको रूपमा इलेक्ट्रोनिक्स, कपडा र जुत्तामा उल्लेखनीय प्रगति गरेको छ । गरिबी घटेको छ र मध्यम वर्ग तीव्र गतिमा बढिरहेको छ । तर बूढेसकालको जनसंख्या, जलवायु जोखिम, कमजोर संस्थाहरू र व्यापार अधिशेषसँग सन्तुलन कायम गर्नु चुनौतीपूर्ण छ । साथै, दक्षिण चीन सागरमा चीनसँग ओभरल्यापिङ क्षेत्रीय दाबीको सामना गर्नुपरेको छ ।

टो लामले सन् १९८० को दशकको उत्तरार्द्धदेखि देशको आर्थिक सुधार र सार्वजनिक क्षेत्रको प्रशासनिक सुधारको नेतृत्व गरेका छन् । उनले सन् २०१६ अघि सार्वजनिक सुरक्षा मन्त्रालयमा लामो समय काम गरेका थिए र भ्रष्टाचार विरोधी अभियानको नेतृत्वसमेत गरेका थिए । उनको नेतृत्वमा पोलिटब्युरोले भ्रष्टाचार विरोधी अभियानमा १८ सदस्यमध्ये छ जनालाई गुमाएको थियो, जसमा दुई पूर्वराष्ट्रपति र संसदीय प्रमुख पनि थिए । *रासस/एपी*


**रावा बेसी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हरमटार, कुभिन्डे, खोटाङ्ग**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मितिः– २०८२/१०/१०**

यस रावा बेसी गाउँपालिकाबाट आह्वान गरिएको सडक स्तरोन्नति (Upgrading of Bijule Lekharka Dubekol Aiselukharka Road) सम्बन्धि बोलपत्र नं. RAWA/Works/NCB-02/2082/83 मा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको मिति २०८२/१०/०९ को निर्णय अनुसार श्री Sherpa-Luminious-Rameshwor JV मन्थली, नेपालले पेश गरेको रकम रू. ६,७५,३५,२५३.८९ (अक्षरूपि छ करोड पचहत्तर लाख पैतिस हजार दुई सय त्रिपन्न रूपैंयाँ उनानब्बे पैसा मात्र) मु.अ.कर र पि.एस. सहित भएको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा न२ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ

**बोधार्थ**

1. Nayayug Construction Pvt.Ltd.
2. Sajib-Super Saugat-Kakre JV
3. SUNKOSHI/CHANDRAJYOTIF JV
4. B.K.S.K./S.N.J./Highway JV
5. Sherpa-Luminious-Rameshwor JV
6. Gaunle-Mohan & Byasi Gaun-Rupakot JV
7. Sisne-RKCS-Yozan JV
8. Analaxmi-Polestar-Nitesh JV

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| ३०१४०० | ० | ६१९० |



**काउली टिप्दै किसान** | सुनसरीको इनरुवा नगरपालिका-९ मा बिक्रीका लागि बजार लैजान काउली टिप्दै किसान। काउली अहिले थोकमा ४५-५० रूपैयाँ प्रतिकिलोका दरले बिक्री भइरहेको किसान बताउँछन्। *तस्बिर: रासस*

## दलका घोषणापत्रमा ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकता दिन इप्पानको माग

**काठमाडौं (प्रस)-** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आगामी निर्वाचनका लागि राजनीतिक दलले तयार गर्ने घोषणापत्रमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकताका साथ समावेश गर्न आग्रह गरेको छ।

इप्पानले शुक्रबार नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, उज्यालो नेपाल पार्टीलगायत दलहरूलाई पत्र पठाउँदै १३ बुँदे सुझाव अघि सारेको हो। इप्पानले नेपाललाई ऊर्जा सुरक्षामा सबल बनाउँदै सतप्रतिशत स्वच्छ तथा हरित ऊर्जा प्रयोग गर्ने ऊर्जामैत्री देश घोषणा गर्नुपर्ने, विद्युत् ऐन, २०४९ संशोधन गरी निजी क्षेत्रलाई विद्युत् व्यापार, प्रसारण र वितरणमा समावेश गर्नुपर्ने माग गरेको छ।

त्यसैगरी, १६औं पञ्चवर्षीय योजना, ऊर्जा विकास मार्गचित्र-२०८१ र तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) अनुसारका लक्ष्य हासिल गर्न तत्काल विद्युत् खरिद सम्झौता (पिपिए) खुला गर्नुपर्ने, सन् २०४५ भित्र नेटशून्य उत्सर्जन लक्ष्यका लागि छुट्टै ऊर्जा योजना बनाउने र ऊर्जा संकटकाल घोषणा गरी उत्पादनलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ।

इप्पानले उद्योग व्यवसायमा विद्युत् खपत बढाउन राज्यले आधारभूत पूर्वाधार निर्माण गर्ने, बढी विद्युत् खपत गर्ने उद्योग तथा विद्युतीय सवारीसाधनलाई सहुलियत दिने, स्वच्छ ऊर्जा छिमेकी मुलुकमा निर्यात गरी आयात घटाउने, ऊर्जा क्षेत्रमा स्वदेशी-विदेशी लगानी सुरक्षित गर्न वित्तीय उपकरण प्रोत्साहन गर्ने माग पनि अघि सारेको छ।

त्यस्तै ठूलो लगानी गर्ने लगानीकर्तालाई विशेष सम्मान, संघ-प्रदेश-स्थानीय तहबीच समन्वय गरी सार्वजनिक-निजी साझेदारीमा ठूला आयोजना निर्माण, नीतिगत अस्थिरता अन्त्य, वन क्षेत्र उपयोग प्रक्रिया सरल बनाउने, ऊर्जा क्षेत्रलाई बन्द हडतालमुक्त घोषणा गर्ने, प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय ऊर्जा विकास परिषद् गठन तथा दक्ष जनशक्ति उत्पादनका लागि ऊर्जा एकेडेमी स्थापना गर्नुपर्ने माग समावेश गरिएको छ।

निजी क्षेत्रले २६ वर्षमा तीन हजार ३०० मेगावाटभन्दा बढी विद्युत् उत्पादन गरिसकेको र करिब १३ खर्ब रूपैयाँ लगानी भइसकेको अवस्थामा थप लगानी आकर्षित गर्न घोषणापत्रमा स्पष्ट ऊर्जा नीति आवश्यक रहेको इप्पानले जनाएको छ।

# वैदेशिक विकास सहायता सरकारी बजेट प्रणालीबाहिरबाट खर्च हुने क्रम बढ्दो




**काठमाडौं-** नेपालले प्राप्त गर्ने वैदेशिक विकास सहायता रकम राष्ट्रिय बजेट प्रणाली र सरकारी कोषभन्दा बाहिरबाट खर्च हुने क्रम निरन्तर बढ्न थालेको छ। सरकारको वार्षिक बजेट पुस्तिका (रातो किताब) मा समावेश हुने रकमलाई बजेटभित्र (अन बजेट) र रातो किताबमा समावेश नभइकन खर्च हुने रकमलाई बजेटबाहिर (अफ बजेट) को खर्च मानिन्छ।

त्यस्तै, रातो किताबमा समावेश भएको रकम पनि केही सरकारको ढुकुटी अर्थात् सञ्चित कोष प्रणालीमार्फत (अन ट्रेजरी) खर्च हुने गरेको छ भने ठूलो रकम कोषबाहिर (अफ ट्रेजरी) खर्च हुने गरेको छ। अर्थ मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको 'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट-२०२२/२३' अनुसार उक्त आर्थिक वर्षमा नेपालले पाएको कूल विकास सहायता रकमको साढे २२ प्रतिशत बजेट प्रणालीभन्दा बाहिरबाटै खर्च भएको देखिएको छ।

प्रतिवेदनअनुसार नेपालले आर्थिक वर्ष २०२२/२३ मा एक अर्ब ४० करोड अमेरिकी डलरबराबरको विकास सहायता प्राप्त गरेकामा एक अर्ब १० करोड हाराहारी अर्थात् करिब ७७.५ प्रतिशत 'अन बजेट' र ३० करोड ९३ अमेरिकी डलर अर्थात् २२.५ प्रतिशत अफ बजेट आएको देखिन्छ। 'अन बजेट' आएकोमध्ये पनि ४०.३ प्रतिशत अर्थात् ४२ करोड ८१ लाख अमेरिकी डलरमात्र सरकारी कोषबाट खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट-२०२१/२०२२' अनुसार सो आर्थिक वर्षमा नेपालले प्राप्त गरेको कूल वैदेशिक विकास सहायताको २०.८ प्रतिशत रकम सरकारको वार्षिक बजेटबाहिर (अफ बजेट) बाट खर्च भएको उल्लेख छ। अर्थात् अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०२२/२३ मा अफ बजेट ओडिए १.७ प्रतिशत बिन्दुले बढेको छ। त्यस्तै, आर्थिक वर्ष २०१९/२० मा १६.५ प्रतिशत र आव २०२०/२१ मा १५.७ प्रतिशत अफ बजेट खर्च भएको थियो। आर्थिक वर्ष २०२०/२१ यताका चार वर्षमामात्रै 'अफ बजेट' खर्च साढे छ प्रतिशत बिन्दुले बढेको छ।

पछिल्ला वर्षहरूमा विकास सहायता रकम पनि निरन्तर घटिरहेको देखिन्छ। आव २०२१/२२ मा नेपालले अमेरिकी डलर दुई अर्ब ४० करोडबराबरको वैदेशिक विकास सहायता प्रतिबद्धता पाएकामा वास्तविक प्राप्ति अमेरिकी डलर एक अर्ब ४० करोडबराबर थियो। त्योभन्दा अघिल्लो वर्ष अर्थात् आव २०२०/२१ मा नेपालले अमेरिकी डलर एक अर्ब ७० करोडबराबर विकास सहायता लिएको थियो भने आव २०१९/२० मा पछिल्लो १० वर्षयताकै उच्च अर्थात् अमेरिकी डलर दुई अर्बबराबर विकास सहायता प्राप्त भएको थियो। विकास सहायता प्राप्तिको यो तथ्यांक हेर्दा आव २०१९/२० मा २६.९ प्रतिशतले बढेको थियो भने पछिल्ला वर्षहरूमा निरन्तर घटिरहेको देखिन्छ।

### 'अफ बजेट' कुन वर्ष कति ?

अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार धेरैजसो गैरसरकारी संस्थाहरूले नेपालमा खर्च गर्ने ठूलो रकम गैरबजेटरी देखिन्छ। अर्थ मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०१९/२० मा नेपालले दुई अर्ब अमेरिकी डलरबराबर विकास सहायता प्राप्त गर्दा अमेरिकी डलर एक अर्ब सात करोड अन बजेट आएको थियो। जुन ८३.५ प्रतिशतबराबर हो। उक्त वर्ष प्राप्त भएको कुल वैदेशिक सहायतामा १६.५ प्रतिशत 'अफ बजेट' खर्च भएको देखिन्छ।

त्यस्तै, उक्त वर्ष ५२.८ प्रतिशतमात्र 'अन ट्रेजरी खर्च छ। आर्थिक वर्ष २०२०/२१ मा अमेरिकी डलर एक अर्ब ७० करोड वैदेशिक विकास सहायता प्राप्ति हुँदा अमेरिकी डलर एक अर्ब ४० करोड 'अन बजेट' र अमेरिकी डलर २६ करोड ४७ लाखबराबर 'अफ बजेट' आएको छ। ८४.३ प्रतिशत बजेटभित्रबाट र १५.७ प्रतिशत बजेटबाहिरबाट खर्च भएको छ। उक्त वर्ष ६६.६ प्रतिशत विकास सहायता सरकारी कोष प्रणालीबाट खर्च भएको छ।

त्यस्तै, आर्थिक वर्ष २०२१/२२ मा वैदेशिक विकास सहायतामध्ये 'अन बजेट' ७९.२ र 'अफ बजेट' २०.८ प्रतिशतबराबर थियो। उक्त आर्थिक वर्षमा 'अन ट्रेजरी' खर्च भएको विकास सहायताको अंश ५७.४ प्रतिशतबराबर छ। आर्थिक वर्ष २०२२/२३ सम्म आइपुग्दा एक अर्ब ४० करोड अमेरिकी डलरबराबरको विकास सहायता प्राप्त गरेकामा एक अर्ब १० करोड हाराहारी अर्थात् करिब ७७.५ प्रतिशत 'अन बजेट' र ३० करोड ९३ अमेरिकी डलर अर्थात् २२.५ प्रतिशत अफ बजेट आएको देखिन्छ। 'अन बजेट' आएकोमध्ये पनि ४०.३ प्रतिशत अर्थात् ४२ करोड ८१ लाख अमेरिकी डलरमात्र सरकारी कोषबाट खर्च भएको प्रतिवेदनमा उल्लेख छ। *रासस*

## फुटवेयर म्यानुफ्याक्चरर्स एसोसिएसनको अध्यक्षमा बञ्जाडे

**काठमाडौं (प्रस)-** जुत्ता चप्पल व्यवसायीको छाता संस्था फुटवेयर म्यानुफचाक्चरर्स एसोसिएसन अफ नेपालको अध्यक्षमा सुरज बञ्जाडे निर्वाचित भएका छन्।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा दीपेन्द्र थापा, तीन उपाध्यक्षमा योगेन्द्र पाण्डे, जीवनकुमार श्रेष्ठ र शंकरकुमार गौतम निर्वाचित भएका छन्। यस्तै महासचिवमा निर्मल भट्टराई र उपमहासचिवमा सुदीप बराल, सचिवमा छविलाल पौडेल र कोषाध्यक्षमा कुमार न्यौपाने निर्वाचित भएका छन्।

कार्यसमितिको सदस्यमा विष्णुप्रसाद पौडेल, शौजन उपाध्याय, रोहितकुमार कार्की, चोलाप्रसाद पाठक, अशोककुमार श्रेष्ठ, संकेत मुरारका, राजेश बगडिया/अग्रवाल, करन गौतम र कुमार लामिछाने निर्वाचित भएका छन्। एसोसिएसनका नवनिर्वाचित अध्यक्ष बञ्जाडेले नेपाली फुटवेयर उद्योगको प्रवर्द्धन, उत्पादनको गुणस्तर अभिवृद्धि तथा व्यवसायीको हकहितका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

## नेपालगञ्ज भन्सारमा छ महिनामा नौ अर्ब ३४ करोड राजस्व संकलन

**राँझा (बाँके)-** नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा नौ अर्ब ३४ करोड ६४ लाख रूपैयाँ राजस्व संकलन गरेको छ।

चालु आर्थिक वर्षको साउनदेखि पुससम्म छ महिनामा वार्षिक लक्ष्यको ३८.०८ प्रतिशत राजस्व संकलन भएको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले जानकारी दिए। उनका अनुसार नेपालगञ्ज भन्सारको चालु आर्थिक वर्षमा राजस्व संकलनको वार्षिक लक्ष्य २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रूपैयाँ रहेकामा हालसम्म कुनै पनि महिनामा निर्धारित मासिक लक्ष्य हासिल गर्न सकेको छैन। लक्ष्य पूरा गर्न बाँकी छ महिनामा करिब ६२ प्रतिशत भन्सार राजस्व असुल गर्नुपर्ने हुन्छ।

नेपालगञ्ज भन्सारमा चालु आवको साउन महिनामा एक अर्ब ८६ करोड ६५ लाख ४६ हजार रूपैयाँ लक्ष्य रहेकामा ७४.१४ प्रतिशत एक अर्ब ३८ करोड ३७ लाख ८४ हजार रूपैयाँ, भदौ महिनामा एक अर्ब ९३ लाख ६४ हजार ५४ रूपैयाँ लक्ष्य रहेकामा ६९.७७ प्रतिशत एक अर्ब ३५ करोड १० लाख नौ हजार रूपैयाँ राजस्व संकलन भएको छ।

यसैगरी असोज महिनामा एक अर्ब ९८ करोड ३१ लाख ३० रूपैयाँ लक्ष्य रहेकामा ८७.८३ प्रतिशत एक अर्ब ७४ करोड १६ लाख पाँच हजार रूपैयाँ, कात्तिक महिनामा दुई अर्ब १२ करोड ६१ लाख ३० हजार रूपैयाँ लक्ष्य रहेकामा ७२.३० प्रतिशत एक अर्ब ५३ करोड ७० लाख ८२ हजार रूपैयाँ, मंसिर महिनामा एक अर्ब ९६ करोड ३६ लाख १४ हजार रूपैयाँ लक्ष्य रहेकामा ८३.४५ प्रतिशत एक अर्ब ६३ करोड ८५ लाख १० हजार रूपैयाँ र पुस महिनामा दुई अर्ब तीन करोड ४५ लाख २१ हजार रूपैयाँ लक्ष्य रहेकामा एक अर्ब ६९ करोड ४४ लाख १३ हजार रूपैयाँ राजस्व संकलन भएको छ।

कार्यालयको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ को साउनमा लक्ष्यको ७३.६७ प्रतिशत, भदौ महिनामा लक्ष्यको ६६.६२ प्रतिशत, असोजमा ६६.९१ प्रतिशत, कात्तिकमा ७६.४४ प्रतिशत, मङ्सिरमा ७६.२७ र पुसमा ७१.१५ प्रतिशत राजस्व संकलन भएको थियो। नेपालगञ्ज भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा ३८ अर्ब रूपैयाँभन्दा बढीको मालसामान आयात निर्यात भएको छ। भन्सार कार्यालयका अनुसार पुस मसान्तसम्म ३८ अर्ब ९८ करोड ५७ लाख ६१ हजार रूपैयाँबराबरको कारोबार भएको हो। कार्यालयबाट चालु आवको छ महिनामा ३७ अर्ब ६२ करोड ७३ लाख ३२ हजार रूपैयाँबराबरको आयात हुँदा निर्यात भने एक अर्ब ३५ करोड ८४ लाख २९ हजार रूपैयाँको मात्रै भएको छ। *रासस*

## तीन लाख नाघ्यो सुनको भाउ



**काठमाडौं (प्रस)-** पहेँलो धातु सुनको मूल्य तीन लाख रूपैयाँ नाघेको छ। स्थानीय बजारमा शुक्रबार सुनचाँदीको मूल्यले कीर्तिमान कायम गरेको हो। बिहीबारको तुलनामा शुक्रबार प्रतितोला सुन नौ हजार २०० र चाँदी ३२० रूपैयाँले बढेको थियो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार एक तोला छापावाल सुनको मूल्य तीन लाख एक हजार ४०० रूपैयाँ त्यति नै चाँदीको मोल छ हजार १९० रूपैयाँमा कारोबार भएको छ।

गत बुधबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ९५ हजार १०० रूपैयाँ र त्यति नै चाँदीको मोल पाँच हजार ९२० रूपैयाँ कायम भएको थियो। मंगलबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ८४ हजार ७०० रूपैयाँ त्यति नै चाँदीको मोल पाँच हजार ८८० रूपैयाँ कायम भएको थियो। गत आइतबार एक तोला सुन दुई लाख ७८ हजार ८०० रूपैयाँ र त्यति नै परिमाणको चाँदी पाँच हजार ६२५ रूपैयाँमा कारोबार भएको थियो। सोमबार एक तोला सुन दुई लाख ८२ हजार रूपैयाँ र त्यति नै परिमाणको सेतो धातु पाँच हजार ८१० रूपैयाँ मा खरिदबिक्री भएको थियो।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार शुक्रबार अन्तर्राष्ट्रिय बजारमा एक औंस सुन चार हजार ९६० र त्यति नै परिमाणको सेतो धातु ९८ अमेरिकी डलरमा कारोबार भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ